धोका दिन्छन् र उनलाई ऊ धोका दिन्छ॥ विश्वास भएकाहरू! मुसलमानहरू बाहेक काफिरहरूलाई मित्र न बनाओ॥

—मं० १। सि० ५। सू० ४। आ० १४०,१४२,१४४॥

**समीक्षक**—मुसलमानहरू बहिश्तमा र अरू दोजखमा जान्छन् भन्ने कुराको के प्रमाण छ? वा: जी वा! खराब व्यक्तिहरूबाट धोका खाने र अरूलाई धोका दिने खुदा हामी देखि अलग्गै रहोस्। तर जो धोकाबाज छन् तीसँगै गएर मेल-मिलाप गरोस् र तो ऊ (खुदा) सँग मिलोमतो गरून्, किनकि 'याट्टशी शीतला देवी ताट्टशः खरबाहनः'। जस्तोलाई त्यस्तै मिलेमा नै निर्वाह हुन्छ। जसको खुदा धोकेबाज छ, उसका उपासकहरू धोकेबाज किन न होऊन्? के दुष्ट मुसलमानहरूसँग मित्रता र मुसलमान बाहेक अरू श्रेष्ठसँग शत्रुता गर्नु कसैको निम्ति उचित हुन सक्तछ?॥६३॥

६४. मानिसहरू! निश्चयनै तिमीकहाँ सत्यका साथ खुदाको तर्फबाट पैगम्बर आयो, बस तिमी ती प्रति विश्वास राख॥ अल्लाह माबूद (?) एक्लो छ॥

—मं० १। सि० ५। सू० ४। आ० १७०,१७१॥

**समीक्षक**—पैगम्बरहरू प्रति ईमान=विश्वास राख्न लेखेपछि ईमानमा पैगम्बर खुदाको शरीक अर्थात् साझेदार भयो वा भएन? अल्लाह एकदेशी छ, व्यापक छैन र त उकहाँ पैगम्बर आउने जाने गर्दछन्। यसो हो भने त्यो ईश्वर पनि हुनसक्तैन। कतै सर्वदेशी लेख्छन्, कतै एकदेशी लेख्छन्। यसबाट 'कुरान एउटाले बनाएको नभएर अनेकौंले बनाएको हो' भन्ने कुरा बुझिन्छ॥६४॥

६५. मुर्दा, रगत, सुँगुरको मासु, जसमा अल्लाह बाहेक केही अरू नै पढियोस्, गला घोट्ने, लाठी मार्ने, माथिबाट खस्ने, सींग मार्ने, र दरिन्दा=हिंसक जन्तुले खाएको तिमीलाई हराम=निषिद्ध गरिएको छ॥ —मं० १। सि० ६। सू० ५। आ० २॥

**समीक्षक**—के यति नै पदार्थ हराम=निषिद्ध हुन्? के अरू धेरैजसो पशु र तिर्य्यक् जीव कीरा आदि मुसलमानहरूका लागि हलाल=विहित हुनेछन्? यस कारण यो मनुष्यको कल्पना हो, ईश्वरको होइन। यसकारण यसको प्रमाण पनि छैन॥६५॥

६६. र अल्लाहलाई राम्रो उधारो देऊ, अवश्य म तिम्रो खराबी हटाउनेछु, र तिमीलाई बहिश्तहरूमा पठाउनेछु॥

—मं० २। सि० ६। सू० ५। आ० १२॥



**समीक्षक**—वा:! मुसलमानहरूका खुदाको घरमा केही पनि धन बाँकी रहने होला। बाँकी भएको भए किन पो उधारो माग्दथ्यो र? तथा उनीहरूलाई 'तिमीहरूको खराबी हटाएर तिमीलाई स्वर्ग पठाउने छु' भनेर किन झुक्याउँदथ्यो र यहाँ 'खुदाका नामबाट मोहम्मद साहेबले आफ्नो स्वार्थ पूर्ति गरे' भन्ने कुरा बुझिन्छ॥६६॥

६७. जसलाई चाहन्छ क्षमा गर्दछ, जसलाई चाहन्छ दु:ख दिन्छ॥ जे अरू कसैलाई पनि दिएन, त्यो तिमीलाई दियो॥

—मं० २। सि० ६। सू० ५ आ० १८,२१॥

**समीक्षक**—जसरी शैतान जसलाई चाहन्छ पापी बनाउँदछ, त्यस्तै के मुसलमानहरूको खुदा पनि शैतान को काम गर्दछ? यसो हो भने बहिश्त र दोजखमा खुदा नै जाओस्। किनकि ऊ पापपुण्य गर्ने भयो, जीव भने पराधीन छन्। जसरी सेना सेनापतिको अधीनमा रहेर रक्षा गर्ने र कसैलाई मार्ने गर्दछ, त्यसको भलो-कुभलो सेनापतिको हुन्छ, सेना माथि त्यसको उत्तरदायित्व हुँदैन। (त्यस्तै खुदाको अधीन जीवलाई असल-खराब फल प्राप्त नभई त्यो सबै खुदाले नै भोग्नुपर्ने हुन्छ)॥६७॥

६८. अल्लाहको आज्ञा मान र रसूलको आज्ञा मान॥

—मं० २। सि० ७। सू० ५। आ० ९२॥

**समीक्षक**—हेर, यो खुदा शरीक भएको कुरा हो। अनि खुदालाई 'लाशरीक' मान्नु व्यर्थ छ॥६८॥

६९. जो भईसक्यो त्यसलाई अल्लाहले माफ गर्‍यो र जो कोही फेरि गर्नेछ अल्लाह ऊसँग बदला लिनेछ॥

—मं० २। सि० ७। सू० ५। आ० ९५॥

**समीक्षक**—गरेका पापलाई क्षमा गर्नु भनेको पाप गर्ने आज्ञा दिएर पाप बढाउनु हो। पाप क्षमा गर्ने कुरा जुन पुस्तकमा छ, त्यो न त ईश्वरले न कुनै विद्वानले नै बनाएको हो, बरू त्यो पापवर्द्धक हो। हँ, आगामी पाप छुटाउनका लागि कसैसँग प्रार्थना, र स्वयं पाप छोड्नका लागि पुरुषार्थ तथा पश्चात्ताप गर्नु उचित हुन्छ। तर पापलाई न छोडेर पश्चात्ताप मात्र गरिरहनाले केही पनि हुन सक्तैन॥६९॥

७०. र जो अल्लाह माथि झूटो कुरा लगाउँछ र भन्दछ कि मतर्फ त्यही (पुस्तक) गरियो, तर त्यही त्यस तर्फ गरिएन, र जो भन्दछ कि जसरी अल्लाह उतार्दछ, मपनि उतार्नेछु त्यस मनुष्यभन्दा बढी पापी को छ?॥ —मं० २। सि० ७। सू० ६। आ० ९४॥

**समीक्षक**—यसबाट मुहम्मद 'साहेबले' म कहाँ खुदाको तर्फबाट आयतहरू आउँछन् भन्दा अरू कुनै अर्कोले पनि मुहम्मद साहेबका जस्तै 'मकहाँ पनि आयत उत्रन्छन्, मलाई पनि पैगम्बर मान' भनी लीला रच्यो होला, यस कुरालाई हटाउन र आफ्नो प्रतिष्ठा बढाउनका लागि मुहम्मद साहबले यो उपाय गरेको होला भन्ने कुरा सिद्ध हुन्छ ॥ ७० ॥

७१. अवश्य हामीले तिमीलाई उत्पन्न गर्‍यौं, अनि तिम्रा सूरत=अनुहार बनायौं, अनि फरिश्ताहरूसँग भन्यौं कि आदमलाई सिजदा=प्रणाम गर, बस उनीहरूले सिजदा गरे तर शैतान सिजदा गर्नेहरू मध्येको भएन॥ भन्यौं, जब मैले तँलाई आज्ञा दिएँ, अनि कसले रोक्यो कि तैंले सिजदा गरिनस्? भन्यो, म ऊभन्दा असल छु। तैंले मलाई आगोबाट र उसलाई माटोबाट उत्पन्न गरिस्॥ भने त्यसबाट (बहिश्तबाट) ओर्ली, यो तेरो योग्य होइन कि तँ उसमा अभिमान गरेस्॥ भन्यो, त्यस दिनसम्म छूट दे कि मानिसहरू कब्रहरूबाट उठाइऊन्॥ भने निश्चय तँ छूट दिइएकाहरूमा छस्॥ भन्यो, बस यसको कसम छ कि तैंले मलाई गुमराह=पथभ्रष्ट गरिस्, अवश्य म पनि उनका लागि तेरो सोझो बाटोमा बस्ने छु॥ र प्राय: तँ उनलाई धन्यवाद गर्ने पाउने छैनस्॥ भनें, त्यसबाट दुर्दशाका साथ निक्ली। अवश्य जो कोही तीमध्ये तेरो पक्ष लिनेछ, तिमीहरू सबैले दोजखलाई भन्नेछु॥ —मं० २। सि० ८। सू० ७। आ० ११-१८॥

**समीक्षक**—अब खुदा र शैतानको झगडालाई ध्यान दिएर सुन। फरिश्ता नोकर जस्तै थियो। उसले पनि खुदालाई टेरे न र खुदाले उसको आत्मालाई पवित्र पनि गर्न सकेन। अनि यस्तो पापी बनाएर गदर=विद्रोह गर्ने विद्रोहीलाई खुदाले छोड्यो। खुदाको यो ठूलो भूल हो। शैतान त सबैलाई भ्रममा पार्ने र खुदा शैतानलाई भ्रममा पार्ने हुनाले 'खुदा त शैतानको पनि शैतान हो' भन्ने कुरा सिद्ध हुन्छ। किनकि शैतान प्रत्यक्ष भन्दछ कि 'तैंले मलाई गुमराह गरिस्'। यसबाट खुदामा पवित्रता पनि छैन भन्ने बुझिन्छ र सबै खराबीहरूलाई चलाउने मूलकारण खुदा भयो। यस्तो खुदा मुसलमानहरूकै हुनसक्तछ, अरू श्रेष्ठ विद्वान्हरूको हुनसक्दैन। अनि रिश्ताहरूसँग मनुष्यजस्तै वार्तालाप गर्नाले मुसलमानहरूको खुदा देहधारी, अल्पज्ञ, न्याय रहित छ। यसैकारण विद्वानहरू इस्लामको मजहबलाई मन पराउँदैनन्॥ ७१ ॥

७२. निश्चय तिम्रो मालिक अल्लाह हो, जसले आकाशहरू र पृथ्वीलाई छ दिनमा उत्पन्न गर्‍यो, अनि अर्श=सर्वोच्च स्वर्गमा



करार=विश्राम गर्‍यो॥ दीनतापूर्वक आफ्नो मालिकलाई पुकार॥

—मं० २। सि० ८। सू० ७। आ० ५४,५५॥

**समीक्षक**—छ दिनमा जगत्लाई बनाउने, अर्श अर्थात् माथिको आकाशमा सिंहासनमा आराम गर्ने पनि के कहिल्यै ईश्वर, सर्वशक्तिमान् र व्यापक हुन सक्छ? यसो नहुनाले त्यसलाई खुदा पनि भन्न सकिंदैन। के तिम्रो खुदा बहिरो छ र? जो पुकार्नाले सुन्छ? यो सबै कुरा ईश्वरकृत होइनन्। यसबाट कुरान ईश्वरकृत हुनसक्तैन। यदि छ दिनमा जगत्लाई बनायो, सातौं दिनमा अर्श=सिंहासनमा आराम गर्यो भने त्यो थाक्यो पनि होला। तथा हालसम्म सुतिरहेको छ वा व्यूँझिएको छ? व्यूँझेको छ बने अब केही काम गर्दछ वा निकम्मा सैर-सपाटा र ऐश-आराम गर्दै डुल्दछ?॥ ७२ ॥

७३. पृथ्वीमा झगडा गर्दै नडुल॥

—मं० १। सि० ८। सू० ७। आ० ७४॥

**समीक्षक**—यो कुरा त राम्रो हो, तर यसको विपरीत अरू ठाउँमा जिहाद (मुसलमान बाहेकलाई मार्नु) गर्न र काफिरहरूलाई मार्न पनि लेखेको छ। अब भन, के यो पूर्वापर विरुद्ध कुरा होइन? यसबाट 'जब मुहम्मद साहेब निर्बल भए होलान्, तब उनले यो उपाय रचे होलान्' भन्ने कुरा विदित हुन्छ। अनि जब सबल भए होलान्, तब झगडा मच्चाए होलान्। यसैकारण यही कुरा परस्पर विरुद्ध हुनाले दुबै सत्य होइनन्॥ ७३ ॥

७४. बस एकैपल्ट आफ्नो असा=लाठी खसाल्यो र त्यो प्रत्यक्ष अजगर थियो॥ —मं० २। सि० ९। सू० ७। आ० १०७॥

**समीक्षक**—यो लेखबाट 'यस्ता झूठा कुरालाई खुदा र मुहम्मद साहब पनि मान्दथे' भन्ने कुरा विदित हुन्छ। यसो हो भने यी दुबै विद्वान् थिएनन्। किनकि जसरी आँखाले देख्ने र कानले सुन्ने कुरालाई कसैले उल्ट्याउन सक्दैन। यसै कारण यी इन्द्रजालका कुरा हुन्॥ ७४ ॥

७५. बस हामीले त्यो माथि बर्षाको हूरीं, सलह, चिचडी, भ्यागुता र रगत पठायौं॥ बस तीसँग हामीले बदला लियौं र उनलाई खोलामा डुबाइदियो॥ तथा हामीले बनी (सन्तान) इसराईललाई खोलाबाट पार उतार्‍यो॥ निश्चय त्यो दीन=धर्म झूटो हो कि जसमा यी छन्, र उनको कार्य पनि झूटो हो॥

—मं० २। सि० ९। सू० ९। आ० १३३,१३६,१३८,१३९॥

**समीक्षक**—अब हेर, कुनै पाखण्डीलाई 'हामी तँलाई मार्न सर्प

पठाउने छौं' भनी डराए जस्तै यो पनि कुरा हो। जो यस्तो पक्षपाती छ कि एउटा जातिलाई डुबाउँछ र अर्कोलाई पार उतार्दछ भने त्यो अधर्मी खुदा किन होइन ? जो हजारौं करोडौं मानिस रहेका अरू मतहरूलाई झूठा र आफ्नो मतलाई सच्चा बताउँछ त्यो भन्दा ठूलो झूटो मत अरू कुनचाहिं हुन सक्दछ ? किनकि कुनै मतमा सबै मानिस खराब वा सबै असल हुन सक्दैनन्। यो एकतर्फी जिद्दी गर्नु महामूर्खहरूको मत हो। तौरेत, जबूरको दीन=मत, जो कि उनीहरूकै थियो, के झूटो भयो ? अथवा उनको अरू कुनै मजहब थियो कि जसलाई झूटो बताएको हो ? अनि त्यो अरू कुनै मजहब थियो र त्यसको नाम कुरानमा छ भने भन त्यो कुनचाहिं मत थियो त ? ॥ ७५ ॥

७६. बस तँ मलाई निःसन्देह देख्न सक्नेछस्, जब उसको मालिकले पहाडतर्फ प्रकाश गर्‍यो, त्यस पहाडलाई परमाणु–परमाणु पार्‍यो, मूसा बेहोश भएर लड्यो ॥ —मं० २। सि० ९। सू० ७। आ० १४३ ॥

**समीक्षक**—देखिन्छ भने त्यो व्यापक हुनसक्दैन। अनि खुदा यस्ता चमत्कार गर्दै फिर्दथ्यो भने यसबखत यस्तो चमत्कार कसैलाई किन देखाउँदैन ? सर्वथा विरुद्ध हुनाले यो कुरा मान्न योग्य होइन ॥ ७६ ॥

७७. र आफ्नो मालिकलाई दीनता र डरले, सानो आवाजले बिहान र बेलुकी मनमा याद गर् ॥

**समीक्षक**—कतै कतै कुरानमा लेखेको छ कि ठूलो आवाजले आफ्नो मालिकलाई पुकार्, र कतै कतै भने विस्तार–विस्तार ईश्वरको स्मरण गर् भनेको छ। अब भन, कुन चाहिं कुरा सच्चा र कुन चाहिं झूटो हो त ? एक–अर्कासँग बाझिने कुरा प्रमत्तगीत जस्तै हुन्छ। यदि भ्रमले कुनै विरुद्ध कुरा निस्कन्छ, र कसैले त्यसैलाई मान्दछ भने केही चिन्ता छैन ॥ ७७ ॥

७८. तँसँग लुटको वारेमा प्रश्न गर्दछौं। अल्लाह र रसूलका लागि लूटौं भन्। र अल्लाह देखि डर् ॥

—मं० २। सि० ९। सू० ८। आ० १ ॥

**समीक्षक**—लूट मच्चाउने, डाकूका कर्म गर्ने गराउने खुदा तथा पैगम्बर ईमान्दार पनि बन्दछन् भने यो ठूलो आश्चर्यको कुरा हो। अल्लाहको डर पनि बताउँछन् र डकैती आदि खराब काम पनि गर्दै जान्छन्, फेरि पनि 'उत्तम मत हाम्रो हो' भन्नमा पनि लाज लाग्दैन। जिद्दी छोडेर सत्य वेदमतलाई ग्रहण नगर्नु भन्दा पनि ठूलो खराबी अरू कुनै होला ? ॥ ७८ ॥



७९. तथा काफिरहरूको जरो काट्यो ॥ पछि पछि आउने हजारौं फरिश्ताका साथै म अवश्य तिम्रो सहायता गर्नेछु, अवश्य म काफिरहरूका दिलमा भय पसाउने छु। बस गर्दन माथि हान, तीमध्ये प्रत्येक जोर्नीमा हान ॥ —मं० २। सि० ९। सू० ८। आ० ७,९,१२ ॥

**समीक्षक**—वाः रे वा! कस्ता कस्ता दयाहीन खुदा र पैगम्बर रहेछन्, जो मुसलमानी मत नमान्ने 'काफिर' हरूको जरै काट्न लगाउँछन्। तथा खुदा आज्ञा दिन्छ—'उनको गर्दनमा मार् हान'। तथा हात–खुट्टाका जोर्नीलाई काट्न सहायता र सम्मति दिन्छ। यस्तो खुदा रावण भन्दा के केही कम छ त ? यो सबै प्रपञ्च खुदाको नभएर कुरानको कर्त्ताको हो। यदि खुदाकै हो भने यस्तो खुदा हामी भन्दा टाढै रहोस् र हामी ऊ भन्दा टाढै बसौं ॥ ७९ ॥

८०. अल्लाह मुसलमानहरूका साथ छ ॥ ए मनुष्यहरू! विश्वास ल्याएकाछौ भने अल्लाहका लागि र रसूलका लागि पुकार्न स्वीकार गर ॥ ए मानिसहरू! विश्वास ल्याएकाछौ भने अल्लाह र रसूलको चोरी नगर र आफ्नो नासोको चोरी नगर ॥ तथा अल्लाह मकर (छल, कपट, मक्कारी ?) गर्दथ्यो र अल्लाह मकर गर्नेहरूमा अधिक छ ॥

—मं० २। सि० ९। सू० ८। आ० १८,२४,२७,३० ॥

**समीक्षक**—के अल्लाह मुसलमानहरूकौ पक्षपाती छ ? यसो हो भने अधर्म गर्दछ। नत्र भने ईश्वर सबै सृष्टि भरिको हो। के नपुकारिकन खुदा सुन्नसक्दैन ? बहिरो छ ? तथा उसका साथ रसूललाई शरीक गर्नु धैरै खराब कुरा होइन ? अल्लाहको कुनचाहिं ढुकुटी रिपूर्ण छ, जसको कसैले चोरी गर्ने छ ? के रसूल र आफ्नो अमानतको चोरी बाहेक अरू सबैको चोरौ गर्ने गर्नुपर्दछ ? यस्तो उपदेश अविद्वान् र अधर्मीहरूको नै हुनसक्दछ। आखिर जो मकर गर्दछ र मकर गर्नेहरूको साथी छ, त्यो खुदा कपटी, छली र अधर्मी किन होइन ? यसकारण यो कुरान खुदाले बनाएको होइन। यो त कुनै कपटी–छलीले बनाएको हुँदो हो, नत्र त यस्ता अन्यथा कुरा किन लेखिएका हुन्थे ? ॥ ८० ॥

८१. तथा तीसँग यति सम्म लड कि फितना अर्थात् काफिरहरूको बल नरहोस् तथा तमाम अल्लाहका लागि दीन होओस् ॥ तथा तिमी यो पनि जान कि जुनसुकै वस्तु पनि तिमी जे जति लुट्छौ त्यो निश्चय नै अल्लाहका लागि हो। पाँचौं भाग उसको र रसूलको लागि हो ॥

—मं० २। सि० ९। सू० ८। आ० ३९,४१ ॥

**समीक्षक**—यस्ता अन्यायपूर्वक लड्ने लडाउने मुसलमानहरूको

खुदा बाहेक शान्तिभङ्ग गर्ने अरू को होला? अब यो मजहब त हेर कि अल्लाह र रसूलको लागि सब जगत्‌लाई लुट्‌नु र लुट्‌न लगाउनु के लुटेराहरूको काम होइन? तथा लूटको मालमा खुदाले हिस्सेदार बन्नु डाकूको सरदार बन्नु नै हो। तथा यस्ता लुटेराहरूको पक्षपाती बनेर खुदा आफ्नो खुदाइमा (ईश्वरत्वमा) ठूलो दाग लगाइरहेछ। ठूलो आश्चर्यको कुरा छ कि यस्तो पुस्तक, यस्तो खुदा र यस्तो पैगम्बर संसारमा यस्तो उपाधि र शान्तिभङ्ग गरेर मनुष्यहरूलाई दुःख दिन कहाँबाट आएको हो? जगत्‌मा यस्ता यस्ता मत प्रचलित नभएका भए सब जगत् आनन्दमै रहन्थ्यो॥८१॥

८२. तथा कुनै बखत पनि काफिरहरूलाई देख्ने बित्तिकै फरिश्ताहरूले तिनलाई कब्जा गर्छन्=बन्धक बनाउँछन्, उनको अगाडितर्फ हान्दछन् र उनका पछाडितर्फ हान्दछन् र भन्दछन् जल्ले अजाब=दुःख चाख॥ हामीले उनका पापबाट उनलाई मान्यौं र हामीले फिर—ऊनको कौम=जातिलाई डुबायौं। तथा उनका लागि जे केही तिमी गर्न सक्तछौ त्यसैको तयारी गर॥

—मं० २। सि० ९। सू० ८। आ० ५०,५४,६०॥

**समीक्षक**—किन हँ? हिजोआज रूसले रोम आदि र इङ्गलैण्डले मिश्रको दुर्दशा गरिसक्यो, फरिस्ताहरू कहाँ निंदाए? तथा आफ्ना सेवकहरूका शत्रुहरूको खुदा पहिले मार्ने र डुबाउने गर्दथ्यो, यो कुरा सच्चा हो भने हिजोआज पनि त्यस्तो गरोस्। यस्तो नहुने हुनाले यो कुरा मान्न योग्य होइन। अब हेर यो कत्ति राब आज्ञा छ कि—'जे केही तिमी गर्नसक्दछौ, भिन्न मतावलम्बीहरूका लागि त्यस्तो दुःखदायक कर्म गर'। यस्तो आज्ञा विद्वान् र धार्मिक दयालुको हुनसक्दैन। अनि फेरि लेख्नछन् कि 'खुदा दयालु र न्यायकारी छ'। यस्ता कुराका कारण मुसलमानहरूका खुदाबाट न्याय र दया आदि सद्‌गुण टाढै बस्तछन्॥८२॥

८३. ए नबी (पैगम्बर)! अल्लाह तँलाई र उनलाई किफायत छ जसले मुसलमानहरूसँग तेरो पक्ष लिए॥ ए नबी! रगबत अर्थात् मुसलमानहरूमाथि लडाइको चाहना उक्साइदे यदि तिमीहरूमध्ये बीस व्यक्ति लडाइमा टिकिरहने छन् भने दुईसयको पराजय गरून्। ऊ क्षमा गर्नेवाला दयालु हो॥

—मं० २। सि० १०। सू० ८। आ० ६४,६५,६९॥

**समीक्षक**—आफ्नो पक्ष लिनेले अन्याय नै गरेपनि उसैको पक्ष



लिनु र फाइदा पुर्‍याउनु कुन चाहिं न्याय विद्वत्ता र धर्मको कुरा हो? अनि प्रजामा शान्तिभङ्ग गरेर लडाइ गर्ने गराउने, लूट-मार मच्चाएर खोसेका, हात पारेका पदार्थलाई हलाल बताउने, अनि फेरि त्यसैको नाम क्षमावान् दयालु लेख्ने कुरा खुदाको त के, कुनै सज्जन भलाद्‌मी व्यक्तिको पनि हुनसक्दैन। यस्ता यस्ता कुराका कारण कुरान कहिल्यै ईश्वरवाक्य हुन सक्दैन॥८३॥

८४. उसको ठूलो पुण्य छ भने अल्लाहको समीप सदा उसको बीचमा रहनेछन्॥ ए मानिसहरू! विश्वास ल्याएका छौ भने र आफ्ना बाबु, आफ्ना भाइहरू र मित्रलाई विश्वासमाथि कुफ्र गर्दछन् भने तिनलाई न समात॥ अनि अल्लाहले आफूमाथि र आफ्ना रसूलमाथि र मुसलमानहरूमाथि तसल्ली (सान्त्वना) उतान्यो। तथा लश्कर (सेनासमूह?) उतार्‍यो तिमीले उनलाई देखेनौ तथा उनलाई (काफिर हुनेहरूलाई) अजाब=दुःख दियो। र काफिरहरूका लागि यही सजाय हो॥ पछि अल्लाह जसलाई चाहन्छ त्यसमाथि फेरि फेरि आउने छ॥ तथा जो विश्वास ल्याउँदैनन् उनीहरूसँग लडाइ गर॥

—मं० २। सि० १०। सू० ९। आ० २२,२३,२६,२७,२९॥

**समीक्षक**—आखिर अल्लाह बहिश्तेहरूको समीप बस्तछ भने कसरी सर्वव्यापक हुन सक्तछ? जो सर्वव्यापक होइन, त्यो सृष्टिकर्ता र न्यायाधीश हुनसक्दैन। तथा आफ्ना आमा बाबु दाज्यू-भाई र मित्रलाई छुटाउनु केवल अन्यायको कुरा हो। हँ, ती खराब उपदेश गर्दछन् भने त्यसलाई मान्नु हुँदैन तर उनको सेवा सधैं गर्नुपर्दछ। जो खुदा पहिले मुसलमानहरूप्रति बडो सन्तोषी थियो र उनको सहायताका लागि लश्कर उतार्दथ्यो, त्यो कुरा सत्य हो भने अब यसो किन गर्दैन? अनि पहिले काफिरहरूलाई दण्ड दिन्थ्यो र पुनः त्यस माथि आउँथ्यो भने अब कहाँ गयो? के खुदा लडाइ बिना नै विश्वास बनाउन सक्दैन? यस्ता खुदालाई हाम्रो तर्फबाट सदाका लागि तिलाञ्जलि छ। यो खुदा नभएर एउटा खेलाडी मात्र हो॥८४॥

८५. र हामी तिम्रा लागि प्रतीक्षा गर्नेछौं यो कि तिमीलाई अल्लाह आफैं अथवा हाम्रा हातबाट अजाब (दुःख) पुर्‍याओस्॥

—मं० २। सि० १०। सू० ९। आ० ५२॥

**समीक्षक**—के मुसलमान नै ईश्वरका पुलिस बनेका छन्? कि आफ्नै हात वा मुसलमानका हातबाट अरू मतावलम्बीहरूलाई समात्न लगाउँदछ? के ईश्वरलाई अरू करोडौं मनुष्य अप्रिय छन्? मुसलमान-

हरूमा चाहिं पापी पनि प्रिय छन् ? यसो हो भने 'अन्धेर नगरी गवरगण्ड राजा' को जस्तै व्यवस्था देखापर्दछ। आश्चर्य त के छ भने बुद्धिमान् मुसलमानहरू पनि यस निर्मूल अयुक्त मतलाई मान्दछन्॥ ८५ ॥

८६. अल्लाहले विश्वास भएका पुरुष र स्त्रीसँग बहिश्तहरूको प्रतिज्ञा गरेको छ, उनका तलबाट उसका बीचमा सधैं रहने नहरहरू चल्दछन्, अदनका बीचमा पवित्र घर र अल्लाहको प्रसन्नता सबैभन्दा ठूलो छ र सबैभन्दा ठूलो मुराद (इच्छानुसार) पाउनु हो॥ बस जो तीसँग ठट्टा गर्दछन्, अल्लाहले तीसँग ठट्टा गऱ्यो॥

—मं० २। सि० १०। सू० ९। आ० ७२,७९॥

**समीक्षक**—यो खुदाको नामबाट स्त्री-पुरुषहरूलाई आफ्नो स्वार्थको लागि दिइएको प्रलोभन हो। किनकि यस्तो प्रलोभन नदिएको भए मुहम्मद साहेबको जालमा कोही पनि फस्ने थिएन। यस्तै अरू मतालम्बीहरू पनि गर्ने गर्दछन्॥ मानिसहरू त परस्पर हाँसो-ठट्टा गर्ने नै गर्दछन्, तर खुदाले कसैसँग पनि ठट्टा गर्नु उचित होइन। यो कुरान त एउटा ठूलो खेल मात्र हो॥ ८६ ॥

८७. तर रसूल र जुन व्यक्तिले उसका साथ विश्वास ल्याए, उनीहरूले आफ्ना धनका साथ तथा आफ्ना ज्यानका साथ जिहाद=युद्ध गरे। र यिनैका लागि भलाइ छ। तथा अल्लाहले उनका दिल माथि छाप लगायो, बस ती जान्दैन्॥

—मं० २। सि० १०। सू० ९। आ० ८८,९३॥

**समीक्षक**—स्वार्थसिन्धुका कुरा त सुन, कि मुहम्मद साहबका साथ विश्वास ल्याउनेहरू नै भद्र-भलादमी हुन्। अनि विश्वास नल्याउनेहरू खराब हुन्। तर यो त खुदाकै अपराध हो। किनकि ती विचराका दिलमा छाप लगाएर उनलाई भलो काम कुरा गर्नबाट रोक्यो। यो कति ठूलो अन्याय हो ?॥ ८७ ॥

८८. उनीबाट खैरात (दान पुण्य) को रूपमा माल ली, तँ उनलाई पवित्र गर्। अर्थात् बाहिरी र भित्री गोप्य रूपमा तँ उनलाई शुद्ध गर्॥ निश्चय नै मुसलमानहरूबाट उनका ज्यान अल्लाहले मोल लिएका छन् र उनका मालको सट्टामा, उनका लागि बहिश्त छन्, अल्लाहको मार्गको बीचमा लड्नेछन्, बस मार्नेछन् र मर्नेछन्॥

—मं० २। सि० ११। सू० ९। आ० १०३,१११॥

**समीक्षक**—वाः जी वा! मुहम्मद साहेब! तपाईले त गोकुलिया गोसाईहरूकै समानता गर्नु भयो। किनकि उनीहरूको माल लिने र



उनीहरूलाई पवित्र गर्ने कुरा नै त गुसाईहरूमा छ। वाः खुदाजी! तपाईले राम्रो सौदा गर्नुभयो कि मुसलमानकै हातबाट अरू गरीबहरूको प्राण लिनमा नै फाइदा प्रतीत भएछ। र ती अनाथहरूलाई मार्न लगाएर ती निर्दयी मनुष्यहरूलाई स्वर्ग दिनाले दया र न्यायबाट मुसलमानहरूको खुदा हात धुन पुगेछ। तथा आफ्नो खुदाई (ईश्वरत्व) मा दाग लगाएर बुद्धिमान् धार्मिकहरूमा घृणित भयो॥ ८८ ॥

८९. ए मानिस हो! विश्वास ल्याएका छौ भने तिम्रा नजीक रहेका काफिरसँग लड तथा तिम्रा बीचमा दृढता प्राप्त हुनुपर्दछ॥ के यो देख्दैनौ कि ती हर वर्षको एक पटक वा दुईपटक आपतमा पारिन्छन्, फेरि ती तोबाः गर्दैनन् र ती शिक्षामा चल्दैनन्॥

—मं० २। सि० ११। सू० ९। आ० १२३,१२६॥

**समीक्षक**—हेर, यो पनि एक किसिमको विश्वासघातका कुरा मुसलमानहरूलाई सिकाउँदछ कि कोही कसैका छिमेकी होऊन् वा कसैका नोकर होऊन्, अवसर पाउने बित्तिकै लडाइ वा घात गर्नुपर्दछ। यसै कुरानका लेखबाट मुसलमानहरूद्वारा यस्ता धेरै कुरा बनेका छन्। अब त मुसलमानहरूले बुझेर यी कुरानमा बताइएका कुरालाई छोडिदिए राम्रो हुने थियो॥ ८९ ॥

९०. निश्चय तिम्रो परवरदिगार=पालक अल्लाह हो, जसले आकाशहरू र पृथ्वीलाई ६ दिन भित्र उत्पन्न गऱ्यो, अनि स्वर्ग सिंहासनमा विश्राम गऱ्यो, कामको उद्योग गर्दछ॥

—मं० ३। सि० ११। सू० १०। आ० ३॥

**समीक्षक**—आकाश एउटै र नबनेको अर्थात् अनादि छ। त्यो (आकाश) बनाउने कुरा लेखेकोले त्यो कुरानको कर्त्ता पदार्थविद्यालाई जान्दैनथियो भन्ने निश्चय भयो। के परमेश्वरले ६ दिनसम्म बनाउनुपर्दछ ? त्यसो भए 'भईजा मेरो हुक्मले, र भई गयो' कुरानमा यसो लेखेको छ अनि ६ दिन कहिल्यै कहिल्यै लाग्न सक्तैन। यस कारण ६ दिन लाग्ने कुरा झूटो हो। ऊ (खुदा) व्यापक भएको भए आकाशमाथि किन टिक्तथ्यो ? अर्को कुरा, कामको उद्योग गर्दछ भने तिम्रो खुदा ठीक मनुष्य कै सरह हो। किन कि जो सर्वज्ञ छ, ऊ बसी-बसी के उद्योग गर्नेछ ? यसबाट 'ईश्वरलाई नजान्ने जङ्गली व्यक्तिहरूले यो पुस्तक बनाए होलान्' भन्ने कुरा बुझिन्छ॥ ९० ॥

९१. शिक्षा र दया मुसलमानहरूका लागि॥

—मं० ३। सि० ११। सू० १०। आ० ५७॥

**समीक्षक**—के यो खुदा मुसलमानहरूको मात्र हो, अरूको होइन? अनि मुसलमानहरू माथि मात्र दया गर्ने, अरू मनुष्य माथि दया नगर्ने भए त्यो पक्षपाती हो। यदि ईमान्दारहरूलाई मुसलमान भनिन्छ भने उनका लागि शिक्षाको आवश्यकता नै छैन। अनि मुसलमान बाहेकलाई उपदेश गर्दैन भने खुदाको विद्या नै व्यर्थ छ॥ ९१ ॥

९२. तिम्रो परीक्षा लिन्छ, तिमीहरूमध्ये कर्म गर्नमा को असल छ। जे तिमी भन्दछौ—तिमी मृत्यु पछि अवश्य उठाइनेछौ॥

—मं० ३। सि० १०। सू० ११। आ० ७॥

**समीक्षक**—कर्मको परीक्षा लिन्छ भने त्यो सर्वज्ञ नै होइन। अनि मृत्यु पछि उठाउँदछ भने तुरन्त कार्यवाही हुन्छ र 'मरेकाहरू न ब्यूँतियून्' भन्ने आफ्नै नियमलाई भङ्ग गर्दछ। यसबाट खुदाको छवि धूमिल हुन्छ॥ ९२ ॥

९३. तथा भनियो, ए पृथ्वी! आफ्नो पानीलाई निल् र ए आकाश! रुकिहाल, र पानी सुक्यो॥ र ए जाति! यो पोथी ऊँट तिम्रा लागि अल्लाहको चिनो हो। उसलाई अल्लाहको पृथ्वीमा छाडिदेऊ र ऊ खाँदै डुलोस्॥ —मं० ३। सि० १२। सू० ११। आ० ४४,६४॥

**समीक्षक**—कस्तो अल्लारेपनको कुरा हो यो? के पृथ्वी र आकाश कहिल्यै कुरा सुन्न सक्तछन्? वा: रे वा! खुदाको पोथी ऊँट छ भने भाले ऊँट पनि होला? त्यसो भए हात्ती, घोडा, गधा आदि पनि होलान्? तथा खुदाद्वारा पोथी ऊँटबाट खेत जोताउनु के राम्रो कुरा हो? के पोथी ऊँट माथि चढ्दछ पनि? यस्तै कुरा हुन् भने नवाबहरूको जस्तै मनपरी खुदाको घरमा पनि भयो॥ ९३ ॥

९४. र सधैं रहने उसका बीचमा जबसम्म आकाश र पृथ्वी रहनेछन्॥ र जो व्यक्ति सौभाग्यशाली भए बस ती बहिश्तको बीचमा सधैं रहनेछन्, जबसम्म कि आकाश र पृथ्वी रहनेछन्॥

—मं० ३। सि० १२। सू० ११। आ० १०८,१०९॥

**समीक्षक**—कयामत पछि सबैजना दोजख र बहिश्तमा जानेछन् भने आकाश र पृथ्वी किन रहनेछन्? अनि दोजख र बहिश्तमा रहने अवधि पनि आकाश पृथ्वी रहेसम्म हो भने 'सधैं रहनेछन् बहिश्त वा दोजखमा' यो कुरा झूटो हुनेछ। यस्तो कथन अवद्विान्हरूको हुन्छ, ईश्वर वा विद्वान् को हुँदैन्॥ ९४॥

९५. जब यूसुफले आफ्ना बाबुसँग भन्यो कि—ए मेरा बुबा! मैले एउटा सपना देखें.... ॥ —मं० ३। सि० १२। सू० १२। आ० ४–५७॥



**समीक्षक**—यस प्रकरणमा बाबु–छोराको सम्वादरूप गफ–कथा भरिपूर्ण छ। यसकारण कुरान ईश्वरले बनाएको नभएर कुनै मानिसले मानिसहरूको इतिहास लेखेको हो॥ ८५ ॥

९६. अल्लाह त्यो हो, जसले आकाशहरूलाई थामविना नै उभ्यायो तिमी उसलाई देख्तछौ फेरि सिंहासनको माथि टिक्यो, सूर्य र चन्द्रलाई आज्ञापालक बनायो। तथा उही हो जसले पृथ्वीलाई ओछ्यायो॥ आकाशबाट पानी ओराल्यो। बस आफ्नै अड्कलका साथ नालाहरू बगे। अल्लाह जसलाई चाहन्छ भोजन दिन्छ, जसलाई चाहन्छ सताउँछ।

—मं० ३। सि० १३। सू० १३। आ० २,३,१७,२६॥

**समीक्षक**—मुसलमानहरूको खुदा अलिकति पनि पदार्थविद्या जान्दैन थियो। जान्ने भएको भए गुरूत्व नहुनाले आकाशलाई थाम लगाउने गफ–कथा केही पनि लेख्नेथिएन। यदि खुदा अर्श=सिंहासनरूप एउटै ठाउँमा बस्दछ भने ऊ सर्वशक्तिमान् र सर्वव्यापक हुनसक्दैंन। अर्को कुरा, खुदाले मेघविद्या जानेको भए 'आकाशबाट पानी उतार्‍यो' भन्ने लेखे पछि 'पृथ्वीबाट पानी माथि चढायो' भन्ने किन लेखेन? यसबाट 'यो कुरान बनाउने व्यक्ति बादलको विद्यालाई पनि जान्दैन थियो' भन्ने कुरा बुझिन्छ। अनि असल–खराब कर्म बिना नै सुख–दु:ख दिन्छ भने ऊ पक्षपाती, अन्यायकारी र निरक्षरभट्ट हो॥ ९६ ॥

९७. भन् 'निश्चय अल्लाह जसलाई चाहन्छ, गुमहराह गर्दछ र बाटो देखाउँछ आफूतर्फ त्यस मनुष्यलाई प्रवृत्त गर्दछ'॥

—मं० ३। सि० १३। सू० १३। आ० २७॥

**समीक्षक**—जब अल्लाह गुमराहमा पार्दछ भने खुदा र शैतानमा के फरक रह्यो? शैतानले अरूलाई गुमराह अर्थात् भ्रममा पार्नाले खराब बताइन्छ भने खुदाले पनि त्यस्तै काम गर्नाले त्यस शैतान भन्दा पनि ठूलो खराब शैतान त्यो खुदा किन होइन? तथा भ्रममा पार्ने पापका कारण ऊ किन दोजखी हुनुपर्दैन?॥ ९७॥

९८. यस्तै किसिमले हामीले यस कुरानलाई अर्बीमा उतार्‍यौं यदि तँ उनको इच्छाको पक्ष लिनेछस्, यसपछि तँ सँग विद्या कहाँबाट आयो॥ बस यस बाहेक होइन कि माथि तेरो पैगाम=समाचार पुर्‍याउनु छ, र हामीमाथि हिसाब लिने कुरा छ॥

—मं० ३। सि० १३। सू० १३। आ० ३७,४०॥

**समीक्षक**—कुरानलाई कतातर्फबाट उतार्‍यो? के खुदा मास्तिर बस्दछ? यही कुरा हो भने त्यो खुदा एकदेशी हुनाले ईश्वर हुनैसक्तैन।

किन कि ईश्वर त सबै ठाउँमा एकनास व्यापक छ। पैगाम=समाचार पुर्‍याउने काम हल्काराको हो। तथा हल्कारा=सन्देशवाहकको आवश्यकता मनुष्य जस्तै एकदेशीलाई नै हुन्छ। र हिसाब लिने–दिने काम पनि मनुष्य को हो, ईश्वरको होइन। किन कि ऊ त सर्वज्ञ छ। निश्चय हुन्छ कि कुरान कुनै अल्पज्ञ मनुष्यले बनाएको हो॥ ९८॥

९९. र सूर्य चन्द्रलाई सधैं फिर्ने बनायो॥ निश्चय मानिस अवश्य अन्यायी र पापी हो॥ —मं० ३। सि० १३। सू० १४। आ० ३३,३४॥

**समीक्षक**—के चन्द्र सूर्य सदा घुम्छन् र पृथ्वी चाहिं घुम्दैन? पृथ्वी नघुम्ने भए अनेक वर्षको रात दिन हुने थियो। अर्को कुरा, निश्चय नै मानिस अन्यायी र पापी हो भने कुरानबाट शिक्षा दिनु व्यर्थै छ। किनकि जसको स्वभाव पापै गर्ने छ भने उनमा पुण्यात्मा कहिल्यै हुने छैन। तथा संसारमा पुण्यात्मा र पापात्मा सदा देखिन्छन्। यसकारण यस्ता कुरा ईश्वरकृत पुस्तकका हुन सक्तैनन्॥ ९९॥

१००. बस म उसलाई ठीक गर्दछु, तथा उसको बीच आफ्नाबाट रूह=प्राण फुकिदिउँ, बस उसका लागि प्रमाण गर्दै लडिहाले॥ भन्यो, ए मेरा मालिक! यस कारण कि तैंले मलाई गुमराह गरिस्, उनका लागि पृथ्वीका बीचमा अवश्य जन्नत=स्वर्ग दिनेछु, र गुमराह गर्नेछु।
—मं० ३। सि० १४। सू० १५। आ० २९,३९॥

**समीक्षक**—यदि खुदाले आफ्नो रूह=आत्मालाई आदम साहबमा हालेको भए त ऊ पनि खुदा भयो। अनि ऊ खुदा थिएन भने सिजदा अर्थात नमस्कार आदि भक्ति गर्नमा आफूलाई किन शरिक गर्‍यो? जब शैतानलाई गुमराह गर्ने खुदा नै हो भने ऊ शैतानको पनि शैतान दाज्यु, गुरु किन होइन? किनकि तिमीहरू भ्रमित पार्नेलाई शैतान मान्दछौ भने खुदाले पनि शैतानलाई भ्रमित पार्‍यो। तथा प्रत्यक्ष रूपमा शैतानले भन्यो कि म भ्रमित पार्नेछु, फेरि पनि उसलाई दण्ड दिएर कैद किन गरेन? तथा किन मारेन?॥ १००॥

१०१. र निश्चय हामीले हर समुदायका बीच पैगम्बर पठायौं॥ जब हामी उसलाई चाहन्छौं हामी उसलाई यसो भन्दछौं 'हो', बस भैहाल्दछ॥ —मं० ३। सि० १४। सू० १६। आ० ३६,४०॥

**समीक्षक**—सबै जातिका लागि पैगम्बर पठाइएका छन् भने सबैजना जो कि पैगम्बर कई राय–सल्लाहमा चल्दछन्, ती काफिर किन? के तिम्रा पैगम्बर बाहेक अरू पैगम्बरको मान्यता छैन? यो सर्वथा पक्षपातको कुरा हो। सबै देशमा पैगम्बर पठाएको भए आर्यावर्त्त



मा कुन चाहिं पठाएको छ? यस कारण यो कुरा मात्र योग्य होइन। जब खुदा चाहन्छ र भन्दछ कि 'पृथ्वी भई जाओस्', त्यस जडले कहिल्यै सुन्नसक्तैन। अनि त्यसले खुदाको आज्ञाको पालन कसरी गर्न सक्ने छ? अर्को कुरा, खुदा बाहेक अर्को कुनै वस्तु थिएन भन्दछौ, अनि सुन्यो कसले? तथा भयो को? यी सबै अविद्याका कुरा हुन्। यस्ता कुरालाई केही नजान्ने व्यक्ति मात्र मान्छन्॥ १०१॥

१०२. तथा अल्लाहका लागि केटीहरू निश्चित गरिन्छन्, उसलाी पवित्रता छ, तथा चाहेजति सबै उनैका लागि हो। अल्लाहको कसम, हामीले पैगम्बरलाई अवश्य पठायौं॥
—मं० ३। सि० १४। सू० १६। आ० ५७,६३॥

**समीक्षक**—अल्लाह केटीहरूसँग के गर्दछ? केटी त कुनै मनुष्यलाई पो चाहिन्छन्। किन केटा नियुक्त नगरेर केटीहरू नियुक्त गरिन्छन्? यसको के कारण हो, बताओ?॥ कसम खानु झूठा व्यक्तिहरूको काम हो, खुदाको होइन। किनकि प्रायः संसारमा झूटो व्यक्तिले नै कसम खाने गरेको देखिन्छ। सच्चा व्यक्तिले किन किरिया खाने?॥ १०२॥

१०३. यी ती व्यक्ति हुन् कि जसका दिलमा, कानमा र आँखामा अल्लाहले छाप लगायो, तथा ती व्यक्ति अनभिज्ञ छन्॥ तथा जुन जीवले जे गरेको छ। हर जीवलाई पूरै दिइनेछ। र तीमाथि अन्याय गरिने छैन॥ —मं० ३। सि० १४। सू० १६। आ० १०८,१११॥

**समीक्षक**—जब खुदाले नै छाप ठोकिदियो भने ती बिचरा अपराधविना नै मारिए। किनकि तिनलाई पराधीन बनायो। यो कत्ति ठूलो अपराध हो? अनि फेरि जसले जति गरेको छ, त्यसलाई त्यति नै दिइने छ, धेर थोर दिइने छैन भन्छन्। आखिर उनीहरूले स्वतन्त्रतापूर्वक पाप गरेकै छैन, तर खुदाले गराउनाले गरेको हो। अनि त उनीहरूको अपराधै भएन, उनलाई फल दिइनु उचित होइन। यसको फल त खुदाले पाउनु पर्दछ। अनि यदि पूरै फल दिइन्छ भने क्षमा कुन कुराको गरिन्छ? अनि क्षमा गरिन्छ भने न्याय रहँदैन। यस्तो गडवड अध्याय कहिल्यै ईश्वरको हुनसक्तैन। यस्तो कुरा त बुद्धिहीन अल्लारे व्यक्तिको हुन्छ॥ १०३॥

१०४. तथा हामीले काफिरहरूलाई घेर्ने ठाउँका लागि दोजख बनायौं॥ र हामीले प्रत्येक मानिसलाई उसको गर्दनको बीच उसको कर्म लेखा लगायौं, र हामी उसका लागि कयामतका दिन एउटा

किताब निकाल्नेछौं, कि त्यसलाई छर्लङ्ग खुलेको देख्नेछ॥ र नूह पछि हामीले कैयौं नसललाई नष्ट गर्‍यौं॥

—मं० ४। सि० १५। सू० १७। आ० ८,१३,१७॥

**समीक्षक**—यदि कुरान, पैगम्बर, कुरानमा बताइएको खुदा, सातौं आकाश र नमाज आदिलाई नमान्नेहरू नै काफिर हुन् र उनैका निम्ति दोजख हो भने यो केवल पक्षपातको कुरा ठहर्दछ। किनकि कुरानलाई नै मान्नेहरू सबै असल र अरूलाई मान्नेहरू सबै खराब के कहिल्यै हुन सक्तछन्? प्रत्येकको गर्दनमा कर्म पुस्तक बाँध्ने कुरा ठूलो अल्लारेपनको कुरा हो। हामीलाई त कुनै एउटाको गर्दनमा पनि देखापर्दैन! यदि यसको प्रयोजन कर्मको फल दिने भन्ने हो भने मानिसका दिल, आँखा आदिमा छाप ठोक्नु र पापलाई क्षमा गर्नु आदि यो के खेल मच्चाएको हो? खुदा कयामतको राति किताब निकाल्नेछ भने हिजोआज त्यो किताब कहाँ छ? के सेठ साहुकारहरूको बही–खाता जस्तै गरी लेख्तछ? यहाँ यो कुरा विचारणीय छ कि पूर्वजन्म हुँदैन भने जीवहरूका कर्म नै हुनसक्तैनन्। अनि फेरि के कर्म लेखा लेख्यो? तथा कर्मविना नै लेख्यो भने तीमाथि अन्याय गर्‍यो। किनकि असल–खराब कर्मविना उनलाई दुःख सुख किन दियो? 'खुदाको इच्छा' भन्छौ भने पनि उसले अन्याय गर्‍यो। असल–खराब कर्म नगरीक नै दुःख–सुख रूपी फल धेर वा थोर दिनुलाई नै 'अन्याय' भनिन्छ। अनि त्यसबखत खुदा नै किताब पढ्ने छ अथवा कुनै सरिश्तेदार=कार्य प्रमुखले सुनाउने छ? यदि खुदाले नै दीर्घकाल सम्बन्धी अर्थात् इजरायलका सन्ततिसँग सम्बद्ध जीवहरूलाई अपराधविना नै मार्‍यो भने ऊ अन्यायकारी भयो। जो अन्यायकारी हुन्छ, त्यो खुदा हुनैसक्तैन॥ १०४॥

१०५. तथा हामीले समूदलाई पोथी ऊँटको रूपमा चिनो दियौं॥ र जसलाई पथभ्रष्ट पान सक्छस् पार्॥ जुन दिन हामी सबैजनालाई उनका पेशवा=नेताहरूका साथ बोलाउनेछौं। बस जुन कुनै कर्मको लेखा उसको उसैको दाहिने हातमा दिइयो॥

—मं० ४। सि० १५। सू० १७। आ० ५९,६४,७१॥

**समीक्षक**—वाः! खुदाका जति पनि आश्चर्यजनक चिह्न छन्, ती मध्ये के एउटा पोथी ऊँट पनि 'खुदा छ' भन्ने कुराको प्रमाण वा परीक्षाको साधक हो? यदि खुदाले पथभ्रष्ट पार्ने आदेश शैतानलाई दिएको हो भने खुदा नै शैतानको सरदार र सबै पाप गराउने वाला ठहर भयो। यस्तालाई खुदा भन्नु अबुझपनाको कुरा मात्र हो। यदि कयामतको



राति अर्थात् प्रलयमा नै न्याय गर्न–गराउन पैगम्बर र उनको उपदेश मान्नेहरूलाई खुदाले बोलाउने छ भने प्रलय नभएसम्म के सबै दौडासुपुर्द (?) रहन्छन्? तथा न्याय नभएसम्म दौडासुपुर्द सबैका लागि दुःख दायक हुन्छ। यसकारण छिट्टै न्याय प्रदान गर्नु नै न्यायाधीशको उत्तम कर्त्तव्य कर्म हो। यो त मनपरी किसिमको न्याय पो भयो त। कुनै न्यायाधीशले पचास वर्ष सम्मका चोर र साहुकार जम्मा नभएसम्म उनीहरूलाई दण्ड वा प्रतिष्ठा प्राप्त हुनेछैन भने जस्तै यो कुरा पनि भयो। किनकि एउटाले पचास वर्षसम्म दौडासुपुर्द=फलको प्रतिक्षामा बन्दी जीवन व्यतीत गर्‍यो अनि एउटा चाहिं आजै समातियो। ती दुबैको न्याय एकै दिन हुन्छ भने यस्तो न्याय उपयोगी हुनसक्तैन। न्यायका लागि त क्षण मात्रको पनि विलम्ब नहुने र आ–आफ्नो कर्मानुसार दण्ड वा प्रतिष्ठा सदा पाइनै रहने किसिमको विधान भएको वेद र मनुस्मुतिलाई हेर। अर्को कुरा, पैगम्बर हरूलाई साक्षी सरह बनाउनाले ईश्वरको सर्वज्ञता कई हानि हुन्छ। के कहिल्यै यस्तो पुस्तक ईश्वरकृत र यस्तो पुस्तकको उपदेश गर्ने ईश्वर हुन सक्तछ? कहिल्यै हुन सक्तैन॥ १०५॥

१०६. उनका लागि सदा रहने बगैंचा छन्, उनको मुन्तिर नहरहरू चल्दछन्, गहना लगाउन दिइनेछन्, तिनमा सुनकै जस्ता बाला हुने छन्, उत्तम रेशमी वस्त्रको पोसाक लगाउने छन् र सुनौला बुट्टा भरिएका जस्ता तकिया उसका सिंहासनमा हुनेछन्, फाइदा लिनका लागि पुण्य र बहिश्त राम्रा छन्॥ —मं० ४। सि० १५। सू० १८। आ० ३१॥

**समीक्षक**—वाः जी वा! क्या स्वर्ग रहेछ कुरानको, जहाँ बगैंचा, नहर, गहना, कपडा, तकिया आनन्दका लागि छ। आखिर कुनै बुद्धिमान् ले यहाँ विचार गरेमा यहाँ (यस संसारमा) भन्दा त्यहाँ=मुसलमानहरूको बहिस्तमा अन्याय बाहेक अरू केही पनि बढी छैन। त्यो अन्याय के हो भने उनका कर्म चाहिं अन्त हुने किसिमका र उनको फल चाहिं अनन्त बताइएको छ। अर्को कुरा, कसैले मीठो खाने कुरा पनि सधैं खाने गरेमा केही दिन मैं त्यो वस्तु विष जस्तै लाग्न थाल्दछ। त्यस्तै जब ती सदा सुख भोग्ने छन्, अनि त उनीहरूलाई त्यो सुख नै दुःखरूप हुनेछ। यसकारण महाकल्पसम्म मुक्तिसुख भोगेर पुनर्जन्म पाउने सिद्धान्त नै सत्य सिद्धान्त हो॥ १०६॥

१०७. तथा यी बस्ती हुन् कि जब उनीहरूले अन्याय गरे हामीले उनलाई मार्‍यौं तथा हामीले उनलाई मार्ने प्रतिज्ञा स्थापित गर्‍यौं॥

—मं० ४। सि० १५। सू० १८। आ० ५९॥

**समीक्षक**—आखिर के समस्त बस्ती नै पापी पनि हुन सक्तछ ? अर्को कुरा, पछि प्रतिज्ञा गर्नाले ईश्वर सर्वज्ञ रहेन। किनकि जब उनीहरूको अन्याय देख्यो तब प्रतिज्ञा गर्‍यो, के पहिले जान्दैनथियो ? यसबाट ऊ दयाहीन पनि ठहर भयो ॥ १०७ ॥

१०८. अनि त्यो जुन केटो थियो, उसका आमा–बाबु ऊ प्रति विश्वास राख्दथे, 'उसले उनलाई समातेर सरकशीमा र कुफ्रमा हाली दिए' भनेर हामी डरायौं ॥ यति सम्म कि सूर्य डुब्ने ठाउँमा पुग्यौं, उसलाई डुबिरहेको हिलोको तालको मध्यमा पायौं ॥ उसले भन्यो ए जुलकरनैन्! निश्चय नै याजूज, माजूज (जाति विशेष) पृथ्वीमा गडबड गर्नेछन् ॥ —मं० ४। सि० १६। सू० १८। आ० ८०,८६,९४॥

**समीक्षक**—यो खुदाको कत्तिको बेसमझी हो ? शङ्काले नै डरेको छ कि कतै केटाका आमा–बुवा मेरो मार्गबाट पथभ्रष्ट गरेर न उल्टाइदिउन् भनेर। यो कहिल्यै ईश्वरको कुरा हुनसक्तैन। अझ बढी अविद्याको कुरा त हेर कि यस किताबको कर्त्ता सूर्यलाई रात्रिमा एउटा तालमा डुबिरहेको सम्झन्छ। अनि फेरि विहान निस्कन्छ। सूर्य त पृथ्वी भन्दा धेरै ठूलो छ, त्यो नदी, ताल वा समुद्रमा कसरी डुब्न सक्छ ? यसबाट यो कुरा विदित भयो कि कुरान बनाउनेलाई भूगोल–खगोल विद्याको ज्ञान थिएन। ज्ञान भएको भए यस्तो विद्याविरुद्ध कुरा किन लेख्दथ्यो ? अनि यस पुस्तकलाई मान्नेहरूमा पनि विद्या छैन। भएको भए यस्ता मिथ्या कुराले भरिपूर्ण पुस्तकलाई किन मान्दथे र ? अब खुदाको अन्याय हेर ! आफैं पृथ्वीलाई बनाउने राजा न्यायाधीश छ, र याजूज माजूजलाई पृथ्वीमा फसाद पनि गर्न दिन्छ। यो ईश्वरताको विरुद्ध कुरा हो। यसकारण यस्तो पुस्तकलाई जङ्गलीहरूले मान्ने गर्दछन्, विद्वान् ले मान्दैनन् ॥ १०८ ॥

१०९. तथा किताबमा मर्यमलाई सम्झ, जब आफैं पूर्वको घरमा पुगी ॥ बस, तीभन्दा यता पर्दा पर्‍यो, बस हामीले आफ्नो रूह=आत्मालाई अर्थात् फ्ररिस्तालाई पठायौं, बस उसका लागि पुष्ट मानिसको अनुहार बनायो ॥ भन्न थाली, यदि तँ परहेजगार=नियममा बस्ने होस् भने निश्चय म तँसँग रहमानको शरण पर्दछु ॥ यह बहिक होइन कि म तेरो मालिकबाट 'मैले तँलाई पवित्र छोरो दिएर जानका निम्ति पठाइएको हुँ' भन्नथाल्यो ॥ भनी, मेरो लागि छोरो कसरी हुनेछ, कुनै पुरुषले मलाई हात लगाएको छैन, म गलत काम गर्दिन ॥ बस ऊबाट गर्भिणी भई र उसको घरभन्दा टाढा अर्थात् जङ्गलमा पुगी ॥

—मं० ४। सि० १६। सू० १९। आ० १६,२०,२२॥



**समीक्षक**—अब बुद्धिमान् व्यक्तिले विचारणीय कुरा के छ भने सबै फरिश्ते खुदाकै रूह=आत्मा हुन् भने खुदा भन्दा अलग पदार्थ हुनसक्तैनन्। अर्को कुरा त्यस मर्यम कन्या केटी बाट बच्चा जन्मने कुरा पनि अन्याय हो। ऊ कसैको सँगत गर्न चाहन्नथिई, तर खुदाको हुक्मबाट फरिश्ताले उसलाई गर्भवती तुल्यायो। यो न्यायको विरुद्ध कुरा हो। यहाँ अरू पनि असभ्यताका कुरा धेरै लेखेका छन्। त्यो सबै लेख्न उचित लागेन ॥ १०९ ॥

११०. के तैंले देखिनस् कि हामीले शैतानहरूलाई काफिरहरूमाथि पठायौं, उनले पथभ्रष्ट पार्दा उनीहरूलाई पथभ्रष्ट पार्दछन् ॥

—मं० ४। सि० १६। सू० १९। आ० ८३॥

**समीक्षक**—जब खुदा नै शैतानलाई पथभ्रष्ट पार्न पठाउँदछ भने पथभ्रष्ट हुनेहरूको केही दोष हुनसक्तैन। तथा न उनीहरूलाई, न शैतानहरूलाई नै दण्ड हुनसक्तछ, किनकि यो सबै तो खुदाको हुक्मबाटै हुन्छ। यसको फल खुदालाई नै हुनुपर्दछ। यदि ऊ सच्चा न्यायकारी हो भने त्यसको फल दोजख आफैं भोगोस्। अनि यदि न्यायलाई छोडेर अन्याय गर्दछ भने अन्यायकारी भयो, अन्यायकारीलाई नै 'पापी' भनिन्छ ॥ ११० ॥

१११. र जसले तोबाः गर्‍यो र ईमान ल्यायो, असल कर्म गर्‍यो, अनि बाटो भेट्टायो, त्यस मनुष्यका लागि निश्चय नै क्षमा गर्नेवाला हुँ ॥ —मं० ४। सि० १६। सू० २०। आ० ८२॥

**समीक्षक**—कुरानमा भएको तोबा:बाट पाप क्षमा गर्ने कुरा सबैलाई पापी बनाउने कुरा हो। किनकि यसबाट पापीहरूमा पाप गर्ने साहस धेरै बढ्दछ। यसकारण यो पुस्तक र यस पुस्तकको रचयिता पापीहरूलाई पाप गराउन हौसला बढाउने हुन्, यसकारण यो पुस्तक परमेश्वरकृत र यसमा बताइएको परमेश्वर, परमेश्वर हुनसक्तैन ॥ १११ ॥

११२. र पृथ्वी नहल्लियोस् भनेर हामीले पृथ्वीको बीचमा पहाड राख्यौं ॥

**समीक्षक**—यदि कुरानलाई बनाउनेले पृथ्वी घुम्ने आदि कुरा जानेको भए 'पहाडलाई राख्नाले पृथ्वी हल्लिदैन' भन्ने कुरा कहिल्यै भन्ने थिएन। शंका भयो होला, पहाड नराखेको भए हल्लिने थियो भनेर। यति हुँदा पनि भुइँचालोमा किन हल्लिन्छ ? ॥ ११२ ॥

११३. र हामीले त्यस स्त्रीलाई शिक्षा दियौं, र उसले आफ्ना गुप्ताङ्गहरूको रक्षा गरी, बस हामीले उसका बीचमा आफ्नो रूहलाई

फुक्यौं ॥ —मं० ४। सि० १७। सू० २१। आ० ९१ ॥

**समीक्षक**—यस्ता अश्लील कुरा खुदाको पुस्तकमा खुदाको त के कुरा, अरू सभ्य मनुष्यको पनि हुँदैन। मनुष्यहरूमा त यस्ता कुरा लेख्न राम्रो मानिंदैन भने परमेश्वरका लागि कसरो ठीक हुनसक्तछ। यस्ता-यस्ता कुराबाट कुरान दूषित हुन्छ। यदि त्यसमा असल कुरा भएको भए अत्ति नै प्रशंसा हुने थियो, जस्तै वेदको प्रशंसा हुन्छ ॥ ११३ ॥

११४. के तैंले देखिनस् कि जो कोही आकाशहरू र पृथ्वीमा छन्, सूर्य र चन्द्र तारा र पहाड, वृक्ष र जनावर छन्, तीसबै अल्लाहलाई सिजदा गर्दछन् ॥ उसको बीचमा सुनका वाला र मोती र रेशमी पहिरन पहिराइने छ ॥ र अघि-पछि फिरनेहरूका लागि र उभिइरहनेहरूका लागि मेरो घरलाई पवित्र राख् ॥ अनि आफ्ना मैल हटाउनु पर्दछ र आफ्ना भेटीहरू पूर्ण गर्नुपर्दछ र कदीम=पुरानो घरको चारैतिर फिर्नुपर्दछ ॥ ताकि अल्लाहको नाम याद गरून् ॥

—मं० ४। सि० १७। सू० २२। आ० १८,२३,२६,२९,३४ ॥

**समीक्षक**—आखिर जुन जडवस्तु हुन्, परमेश्वरलाई जान्न सक्तैनन् भने उनले उसको भक्ति कसरी गर्नसक्छन्? यसकारण यो पुस्तक ईश्वरकृत कहिल्यै हुनसक्तैन, तर कुनै भ्रान्त व्यक्तिले बनाएको प्रतीत हुन्छ। वा: ! क्या खूबैको स्वर्ग रहेछ, जहाँ सुन-मोतीका गहना र रेशमी कपडा लगाउन पाइन्छन्। यो बहिश्त यहाँका (यस लोकका) राजाहरूका घरभन्दा बढी जस्तो लाग्दैन। अनि जब परमेश्वरको घर छ भने त्यसै घरमा बस्दो पनि हो, अनि बुत्परस्ती=मूर्तिपूजा किन भएन? तथा अरू बुत्परस्त=मूर्तिपूजकहरूको खण्डन किन गर्दछन्? जब खुदा भेटी लिन्छ, आफ्नो घरको परिक्रमा गर्ने आज्ञा दिन्छ तथा पशुहरूलाई मार्न लगाएर खुवाउँछ भने यो खुदा मन्दिरका देव र भैरव, दुर्गा जस्तै भयो तथा महाबुत्परस्ती चलाउने भयो। किनकि मूर्त्तिहरूभन्दा पनि ठूलो बुत्=मूर्ति मस्जिद हो। यसकारण खुदा र मुसलमान ठूला बुत्परस्त तथा पुराणी र जैनी साना बुत्परस्त हुन् ॥ ११४ ॥

११५. अनि निश्चय तिमी कयामतको दिन उठाइने छौ ॥

—मं० ४। सि० १८। सू० २३। आ० १६ ॥

**समीक्षक**—कयामतसम्म मुर्दा कबर=चिहानमा रहनेछन् अथवा अरू कुनै ठाउँमा? उनैमा रहन्छन् भने कुहिएका दुर्धगन्धरूप शरीरमा रहेर पुण्यात्मा पनि दु:ख भोग्नेछन्? यो अन्याय हो। तथा दुर्गन्ध बढेर रोगोत्पत्ति गर्नाले खुदा र मुसलमान पापको भागी हुन्छन् ॥ ११५ ॥



११६. उनका वाणी, उनका हात र उनका गोडा तीप्रति त्यस दिनको गवाही=साक्षी हुनेछन्, किनकि तिनै ती वस्तुसँग (काम) गर्दथे ॥ अल्लाह आकाशहरू र पृथ्वीको नूर=ज्योति हो, त्यो नूर=ज्योति त्यस्तो छ जस्तै कि एउटा खोपो होस्, त्यसको मध्यमा दियो होस् र त्यो दियो ऐनाको कन्दील=बार=चिमको बीचमा होस्, मानौं कि त्यो कन्दील तारा चम्केजस्तै छ, सौभाग्यसाली वृक्ष जैतूनको तेलबाट दियो बालिन्छ। त्यो न पूर्वतर्फ छ, न पश्चिमको नजिक छ, उसको तेल रोशन=प्रकाशित होओस्, जो उसको आगो नलागोस्, उज्यालोमाथि उज्यालो छ। अल्लाह जसलाई चाहान्छ त्यसलाई आफ्नो नूरको मार्ग देखाउँछ ॥ —मं० ४। सि० १८। सू० २४। आ० २४,३५ ॥

**समीक्षक**—हात-गोडा आदि जड़ हुनाले कहिल्यै साक्षी बस्न सक्तैनन्। यो कुरा सृष्टिक्रमको विरुद्ध हुनाले मिथ्या हो। के खुदा आगो, बिजुली हो? जस्तो कि दृष्टान्त दिएका छन्। यस्तो दृष्टान्त ईश्वरमा घटित हुनसक्तैन। हँ, कुनै साकार वस्तुमा घटित हुनसक्तछ ॥ ११६ ॥

११७. तथा अल्लाहले सबै जनावरलाई पानीबाट उत्पन्न गर्‌यो, बस कोही तीमध्ये त्यो हो जो आफ्नो पेट घिसारेर हिंड्दछ ॥ र जो कोही अल्लाहको र उसका रसूलको आज्ञापालन गर, अनि त दया गरिने छौ ॥ —मं० ४। सि० १८। सू० २४। आ० ४५,५२,५४,५६ ॥

**समीक्षक**—'जुन जनावरका शरीरमा सबै तत्व देखिन्छन् तिनलाई केवल पानीबाट उत्पन्न गरेको' भन्नु कुन चाहिं 'फिलासफी' हो? यो केवल अविद्याको कुरा हो। जब अल्लाहसँग पैगम्बरको आज्ञापालन गर्नुपर्दछ भने खुदा शरीक भयो वा भएन? यसो हो भने कुरानमा खुदालाई किन लाशरीक बताइएको छ र तिमी किन लाशरीक मान्दछौ ॥ ११७ ॥

११८. र जुन दिन आकाश बादलका साथ फट्नेछ तथा फरिश्ताहरू उतारिनेछन् ॥ बस काफिरहरूले भनेको नमान र तीसँग झगडा गर ठूलो झगडा ॥ र अल्लाहले उनका खराबीलाई भलाईसँग बदली गरिदिन्छ ॥ र जसले तोबा: गर्दछ र असल कर्म गर्दछ, बस निश्चय नै अल्लाहको तर्फ आउँदछ ॥

—मं० ४। सि० १९। सू० २५। आ० २५,५२,७०,७१ ॥

**समीक्षक**—यो कुरा कहिल्यै सत्य हुनसक्तैन कि आकाश बादलका साथै फाट्तछ। यदि आकाश कुनै मूर्त्तिमान् पदार्थ हो भने फाट्न सक्तछ। यो मुसलमानहरूको कुरान शान्तिभङ्ग गरेर गदर=झगडा मच्चाउने खालको हो। यसैकारण धार्मिक विद्वान्हरू यसलाई मान्दैनन्।

के पाप र पुण्यको अदलाबदली हुनु पनि खुवै राम्रो न्याय हो ? के यो तिल र मासको जस्तै कुरा हो र ? साटासाट् हुने ? तोबा: गर्नाले पाप छुट्ने र ईश्वर मिल्ने भए पाप गर्नबाट कोही पनि डर्नेछैन। यसकारण यी सबै कुरा विद्या–विरुद्ध हुन्॥ ११८॥

११९. हामीले मूसाको तर्फ त्यही गर्‍यौं, यो कि राती मेरा बन्दा=भक्तलाई लिई हिंड, निश्चय तिम्रो पीछा गरिनेछ। बस फेरोनले शहरको बीचमा मानिस जम्मा पार्ने मानिस पठाए॥ र त्यो पुरुष जसले मलाई पैदा गर्‍यो, बस उही मार्ग देखाउँछ॥ र ऊ जो मलाई खुवाउँछ पिलाउँछ॥ र म त्यस पुरुषको आशा राख्तछु, कि कयामतको दिनमा मेरो लागि मेरा अपराध क्षमा गरोस्॥

—मं० ५। सि० १९। सू० २६। आ० ५२,५३,७८,७९,८२॥

**समीक्षक**—खुदाले मूसातर्फ त्यही पठाएको भए, फेरि दाऊद, ईसा र मुहम्मद साहबतर्फ किताब किन पठाएको हो ? किनकि परमेश्वरको कुरा सदा एकैनास र भूल–चूक रहित हुन्छ। अनि त्यस पछि कुरान सम्म पुस्तक पठाउनु अधिल्ला पुस्तकलाई अपूर्ण र भूलयुक्त मानिनेछ। यदि यी तीन पुस्तक सच्चा हुन् भने यो कुरान झूटो ठहर्दछ। चारै पुस्तकमा रहेका परस्पर विरोधी कुराहरू पनि सर्वथा सत्य हुनसक्तैनन्। यदि खुदाले रूह अर्थात् जीवहरू उत्पन्न गरेका छन् भने, ती मर्ने पनि छन् अर्थात् उनको नाश या अभाव पनि कुनै बखत हुने नै छ। यदि सबै मनुष्य आदि प्राणीहरूलाई परमेश्वर नै खुवाउने पियाउने गर्दछ भने कसैलाई पनि रोग नहुनु पर्दछ। तथा सबैलाई एकनास खाना दिनु पर्दछ। राजा र कंगाललाई श्रेष्ठ निकृष्ट भोजन मिलेजस्तै पक्षपातद्वारा एउटालाई उत्तम भोजन र अर्कोलाई निकृष्ट मिल्नु हुँदैन। परमेश्वर नै खुवाउने–पियाउने र पथ्य गराउने हो भने रोग नै नहुनु पर्दछ। तर मुसलमान आदिलाई पनि रोग लाग्दछन्। यदि रोग छुटाएर निको पार्ने खुदा नै हो भने मुसलमानहरूका शरीरमा रोग रहनु हुँदैन। यदि रोग रहन्छ भने खुदा पूर्ण वैद्य होइन। यदि पूर्ण वैद्य हो भने मुसलमानहरूका शरीरमा रोग किन रहन्छन् ? यदि मार्ने र ब्यूँताउने उही हो भने त्यसै खुदालाई पाप पुण्य लाग्दो हो। यदि जन्म जन्मान्तरका कर्मानुसार व्यवस्था गर्दछ भने उसको केही पनि अपराध छैन। यदि ऊ पाप क्षमा गर्दछ र कयामत को रातमा न्याय गर्दछ भने खुदा पाप बढाउने भएर पापयुक्त हुनेछ। यदि क्षमा गर्दैन भने यो कुरानको कुरा झूटो हुनाले बच्नसक्तैन॥ ११९॥



१२०. तर तँ हामी जस्तो होइन, यदि तँ सच्चा भक्तहरूमध्ये होस् भने बस केही निशानी लिएर आइज॥ भन्यो, यो पोथी ऊँट छ। उसका लागि एक पटक पानी पीउनु छ॥

—मं० ५। सि० १९। सू० २६। आ० १५४,१५५॥

**समीक्षक**—आखिर ढुङ्गाबाट पोथी ऊँट निस्कने कुरालाई कसैले मान्नसक्तछ! ती जङ्गलीहरू थिए, जसले यस कुरालाई माने। तथा ऊँटको चिनो दिने कुरा केवल जङ्गली व्यवहार हो, ईश्वरकृत होइन। यो किताब ईश्वरकृत भएको भए यसमा यस्ता व्यर्थ कुरा हुने थिएनन्॥ १२०॥

१२१. ए मूसा! कुरा यो हो कि निश्चय म शक्तिशाली अल्लाह हुँ॥ र आफ्नो लौरो फाल्दे, बस त्यसलाई हेर्दा त्यो सर्प जस्तै गरी हल्लिन्थ्यो। ए मूसा! न डराऊ, निश्चय नै मेरो नजिक पैगम्बर डर्दैनन्॥ अल्लाह कुनै माबूद (लाचार?) होइन, तर ऊ ठूलो सिंहासनको मालिक हो॥ ममाथि सरकशी (=टाउको काट्ने काम?) नगर, र म कहाँ मुसलमान भएर आऊ॥

—मं० ५। सि० १९। सू० २७। आ० ९,१०,२६,३१॥

**समीक्षक**—अरू पनि हेर, आफ्नो मुखबाट आफैं अल्लाह ठूलो जबर्जस्त बन्दछ। आफ्नो मुखबाट आफ्नै प्रशंसा गर्नु श्रेष्ठ पुरुषहरूको पनि काम होइन भने खुदाको काम कसरी हुनसक्तछ ? अनि त इन्द्रजालका तमासा देखाएर जङ्गली मनुष्यहरूलाई वशीभूत पारेर आफैं जङ्गलको खुदा बन्यो। यस्तो कुरा ईश्वरको पुस्तकमा कहिल्यै हुनसक्तैन। यदि ऊठूलो अर्श=सिंहासन अर्थात् सातौं आकाशको मालिक हो भने ऊ एकदेशी हुनाले ईश्वर हुनसक्तैन। यदि सरकशी गर्नु गलत काम हो भने खुदा र मुहम्मद साहबले आफ्नो स्तुतिले किन पुस्तक भरे ? 'मुहम्मद साहबले अनेकौंलाई मारे', यसबाट सरकशी भयो वा भएन ? यो कुरान पुनरुक्त र पूर्वापर विरुद्ध कुराले भरिपूर्ण छ॥ १२१॥

१२२. र तँ पहाडहरूलाई देख्नेछस्, तँ उनलाई स्थिर सोच्तछस् र ती हिंड्ने बादल जस्तै हिंडिरहेछन्। कारीगरी अल्लाहको हो कि जसले हर वस्तुलाई दृढ गर्‍यो, निश्चय ऊ त्यस वस्तुबारे खबरदार=जानिफकार छ जुन तिमी गर्दछौ॥

—मं० ५। सि० २०। सू० २७। आ० ८८॥

**समीक्षक**—बादल जस्तै पहाड हिंड्ने कुरा कुरान बनाउनेहरूकै देशमा हुँदो हो, अन्त हुँदैन। र खुदाको खबरदारी त शैतान विद्रोहीलाई

नसमात्नु र दण्ड नदिनुबाटै विदित हुन्छ कि जसले एउटा विद्रोहीलाई पनि हालसम्म समात्न सकेन र दण्ड दिएन भने यो भन्दा बढी बेखबरी=असावधानी अरू के होला र ? ॥ १२२ ॥

१२३. बस उसलाई मूसाले घूस्सा हान्यो, बस उसको आयु पूरा गर्‍यो ॥ भन्यो, ए मेरा रब (मालिक), निश्चय मैले आफ्नीलाई सम्झेर अन्याय गरें, बस मलाई क्षमा गर्, बस उसलाई क्षमा गर्‍यो। निश्चय ऊ क्षमा गर्ने दयालु हो ॥ र तेरो मालिक जे चाहान्छ र मनपराउँदछ त्यो उत्पन्न गर्दछ ॥ —मं० ५। सि० २०। सू० २८। आ० १५,१६,६८ ॥

**समीक्षक**—ल अब अरू पनि हेर, मुसलमान र ईसाईहरूको पैगम्बर र खुदालाई कि मूसा पैगम्बर मानिसको हत्या गर्ने गर्दछ र खुदा क्षमा गर्ने गर्दछ। यी दुवै अन्यायकारी हुन् कि होइनन्? के आफ्नो इच्छाबाटै जस्तो चाहान्छ, त्यस्तै उत्पत्ति गर्दछ? के उसले आफ्नै इच्छालेनै एउटालाई राजा र अर्कोलाई कङ्गाल तथा एउटालाई विद्वान् र अर्कोलाई मूर्ख आदि बनाएको हो? यदि यसो हो भने न त कुरान सत्य हुनसक्तछ र अन्यायकारी हुनाले न यो खुदा नै हुनसक्तछ ॥ १२३ ॥

१२४. र हामीले मनुष्यलाई आज्ञा दियौं कि आमा-बाबुसँग। राम्रो गर्नू अनि दुबै तँसँग झगडा गर्दछन् भने तँ त्यस वस्तुलाई मसँग मिला, तँसँग उसको ज्ञानका लागि होइन, बस ती दुबैले भनेको नमान, तँ मेरै तर्फ हो ॥ र हामीले नूहलाई उसको कौम=जातितर्फ अवश्य पठायौं, बस तिनकै मध्य पचास वर्ष कम हजार (९५०) वर्ष सम्म रह्यो ॥ —मं० ५। सि० २०। सू० २९। आ० ८,१४ ॥

**समीक्षक**—आमा-बाबुको सेवा गर्नु त राम्रै हो। कसैले खुदासँग शरीक=मेल गर्न भनेदेखि उनले भनेको नमान्नु पनि ठिकै हो (?)। तर यदि आमा-बाबु मिथ्या भाषण आदि गर्ने आज्ञा दिन्छन् भने के मान्नु पर्दछ? यसकारण यो कुरा आधा ठीक र आधा बेठीक हो। के नूह आदि पैगम्बरहरूलाई नै खुदा संसारमा पठाउँदछ? त्यसो भए अन्य जीवहरूलाई कसले पठाउँछ? यदि सबैलाई उही पठाउँछ भने सबै पैगम्बर किन होइनन्? अनि पहिले मनुष्यहरूको आयु पचास कम हजार वर्ष हुन्थ्यो भने अब त्यति किन हुँदैन? यसकारण यो कुरा ठीक होइन ॥ १२४ ॥

१२५. अल्लाह पहिलो पटक उत्पत्ति गर्दछ, फेरि त्यसलाई दोस्रो पटक गर्नेछ, फेरि त्यसैको तर्फ फर्काइनेछौ ॥ र जुन दिन वर्षा अर्थात्



कयामत=प्रलय हुनेछ, पापी निराश हुनेछन् ॥ बस जसले ईमान ल्याए र असल काम गरे, बस ती बगैंचाको बीचमा सजाइनेछन् ॥ र हामीले एबाब (?) पठाएमा त्यो खेती पहेंलो भएको देखिनेछ ॥ यसैगरी अल्लाह तिनको दिलमा छाप राख्तछ, यसैले ती जान्दैनन् ॥

—मं० ५। सि० २१। सू० ३०। आ० ११,१२,१५,५१,५९ ॥

**समीक्षक**—यदि अल्लाह दुई पटक उत्पत्ति गर्दछ, तेस्रो पटक गर्दैन भने उत्पत्तिको आदि र दोस्रो पटकको अन्तमा नाकाम बसिरहँदो हो? अनि एक तथा दुई पटक उत्पत्ति पछि उसको सामर्थ्य नाकाम र व्यर्थ हुनेछ। यदि न्याय गर्ने दिन पापीहरू निराश हुनेछन् भने राम्रो कुरा हो। तर कतै यसको प्रयोजन 'मुसलमान बाहेक सबै पापी सम्झेर निराश तुल्याइनेछन्' भन्ने त होइन? किनकि कुरानमा धेरै ठाउँमा 'पापीहरू' भन्नाले मुसलमान बाहेकहरू भन्ने प्रयोजन नै छ। यदि बगैंचामा राख्नु र शृङ्गार गर्नु नै मुसलमानहरूको स्वर्ग हो भने यही संसारजस्तै भयो। अनि त्यहाँ मालो र सुनार पनि हुँदाहुन् अथवा खुदा नै माली र सुनार आदिको काम गर्दो हो? यदि कसैलाई गहना कम मिल्यो भने चोरी पनि हुँदो हो? अनि बहिश्त=स्वर्गबाट चोरी गर्नैहरूलाई दोजख=नरकमा जाकिदिंदो हो? यदि यसो हुँदो हो त ''सधैं बहिश्तमा रहनेछन्'' भन्ने कुरा झूटो हुनेछ। यदि किसानहरूको खेतमा पनि खुदाको दृष्टि छ भने यो विद्या खेती गर्ने अनुभवबाटै प्राप्त हुन्छ। अनि यदि 'खुदाले आफ्नो विद्याबाट सबै कुरा जान्यो' भने यस्तो भय दिनु आफ्नो घमण्ड फैलाउनु हो। यदि अल्लाहले जीवहरूका दिलमा छाप ठोकेर पाप गराएको भए त्यस पापको भागी उही (अल्लाह) हुन्छ, जीव हुनसक्तैनन्। जस्तै हार-जीत सेनापतिको हुन्छ, त्यस्तै यी सबै पाप खुदालाई नै प्राप्त होऊन् ॥ १२५ ॥

१२६. यी आयत हिक्मत भएको किताबका हुन् ॥ आकाशहरूलाई सुतून=थाम आदि बिना नै उत्पन्न गर्‍यो। तिमी त्यसलाई देख्तछौ। र पृथ्वी नहल्लियोस् भनेर पृथ्वीका बीचमा पहाडलाई राख्यो ॥ के तैंले 'अल्लाह दिनको बीचमा रातलाई र रातको बीचमा दिनलाई प्रवेश गराउँदछ' भन्ने कुरा देखिनस्? ॥ के 'दर्या=नदीको बीचमा अल्लाहको निआमत=दयाका साथ किश्तीहरू=डुङ्गाहरू चल्दछन्, जसबाट आफ्ना निशानीहरू तिमीलाई देखाउँछौं' भन्ने कुरा देखे नी?

—मं० ५। सि० २१। सू० ३१। आ० २,१०,२९,३१

**समीक्षक**—वाः जो वा! सर्वथा विद्याविरुद्ध आकाशको उत्पत्ति,

र त्यसमा खम्बा लगाउने शंका, र पृथ्वीलाई स्थिर राख्न पहाड राखेको कुरा बताइएको हिक्मत भएको किताब रे !!! अलिकति विद्यावान् ले पनि कहिल्यै यस्तो न त लेख्तछ, न मान्दछ। अरू पनि हिक्मत हेर कि जहाँ दिन छ त्यहाँ रात छैन तथा जहाँ रात छ त्यहाँ दिन छैन। त्यसलाई एक–अर्कामा प्रवेश गराएको कुरा लेख्तछ। यो ठूलो अविद्वान्हरूको कुरा हो। यसकारण यो कुरान विद्याको पुस्तक हुनसक्तैन। आखिर डुङ्गाहरू मानिस र क्रिया–कौशलबाट चल्दछन् कि खुदाको कृपाबाट ? के यो विद्या–विरुद्ध कुरा होइन ? ठोस फलाम वा ढुङ्गाको डुङ्गा बनाएर समुद्रमा चलाएमा खुदाको निशानी डुब्नेछ कि छैन ? यसकारण यो पुस्तक न त विद्वान्ले, न ईश्वरले बनाएको हुनसक्तछ ॥ १२६ ॥

१२७. आकाशबाट पृथ्वीतर्फको कामको तदबीर=प्रबन्ध गर्दछ। फेरि एक दिनका बीचमा उसैको तर्फ चढ्दछ, जुन वर्षहरू तिमी गन्दछौ ती वर्षले हजार वर्ष उसको अवधि छ। ऊ गैब=परोक्ष र प्रत्यक्षलाई जान्दछ, (ऊ) गालिब=विजयी (र) दयालु (छ) ॥ अनि उसलाई पुष्ट गर्‍यो, र उसमा आफ्नो रूह=आत्माबाट (श्वास ?) फुक्यो ॥ जो तिम्रासाथ निश्चिय गरिएको छ त्यस मृत्युको फरिश्ताले तिमीलाई बन्धक बनाउने (कब्ज ?) छ। अनि हामीले चाहेको भए हामी हरएक जीवलाई उसको शिक्षा दिनेथियौं, तर मेरो तर्फबाट यो कुरा सिद्ध भयो कि म दोजख=नरकलाई जिनहरू=भूत, प्रेत आदि र मानिसले एकै ठाउँमा अवश्य भर्नेछु ॥

—मं० ५। सि० २१। सू० ३२ आ० ५,६,९,११,१३ ॥

**समीक्षक**—अब त मुसलमानहरूको खुदा मनुष्यजस्तै एकदेशी रहेछ भन्ने कुरा पूरै सिद्ध भयो। किनकि व्यापक भएको भए एक ठाउँबाट प्रबन्ध गर्ने र उत्रने–चढ्ने कुरा हुनसक्तैन। यदि खुदा फरिश्तेलाई पठाउँछ भने पनि आफू एकदेशी भयो। आफू आकाशमा झुण्डिएर बसेको छ र फरिश्ताहरूलाई दौडाउँदछ। यदि फरिश्ताहरूले घूंस लिएर कुनै मामला बिगारिदिएमा वा कुनै मुर्दालाई छोडेर गएमा खुदाले के पत्तो पाउन सक्तछ रे ? पत्तो त त्यसले पाउन सक्तछ, जो सर्वज्ञ र सर्वव्यापक होओस्, त्यसो त ऊ छँदै छैन, त्यस्तो भएको भए फरिश्ताहरूलाई पठाउने र अनेक व्यक्तिहरूको अनेक प्रकारले परीक्षा लिनुको के प्रयोजन थियो ? अनि एक हजार वर्षमा आउने जाने तथा प्रबन्ध गर्ने हुनाले सर्वशक्तिमान् पनि होइन। यदि मृत्युको फरिश्ता हो भने त्यस फरिश्तालाई मार्ने कुन



चाहिं मृत्यु हो त ? यदि ऊ नित्य छ भने अमरपनमा खुदाको बराबर शरीक=सम्मिलित भयो। एउटा फरिश्ता एक समयमा दोजखलाई भर्नका लागि जीवहरूलाई शिक्षा दिनसक्तैन। अनि उनलाई पाप नगरिकनै आफ्नै इच्छाले दोजख=नरक भरेर उनलाई दु:ख दिएर तमासा देख्तछ भने त्यो खुदा पापी, अन्यायकारी र दयाहीन छ। यस्ता कुरा जुन पुस्तकमा हुन्छन्, न त त्यो विद्वान्कृत, न ईश्वरकृत हुनसक्तछ। अनि जो दया–न्याय रहित छ, त्यो ईश्वर पनि कहिल्यै हुनसक्तैन् ॥ १२७ ॥

१२८. भन कि यदि तिमी मृत्यु वा कतलदेखि भाग्दछौ भने त्यस भाग्नुले तिमीलाई कहिल्यै फाइदा पुर्‍याउने छैन ॥ ए पैगम्बरका पत्नीहरू! तिमीमध्ये कोही प्रत्यक्ष निर्लज्जतापूर्वक आएमा उसका लागि अजाब=दु:ख दोब्बर गरिनेछ तथा यो कुरा अल्लाहका लागि सहल सजिलो छ॥ —मं० ५। सि० २१। सू० ३३। आ० १६,३० ॥

**समीक्षक**—मुहम्मद साहेबले यो यसकारण लेखे–लेखाएको होला कि लडाइमा कोही न भागोस्, हाम्रो जीत होओस्, मर्नबाट पनि न डरोस् ऐश्वर्य बढोस्, मजहब बढाऔं भनेर। अनि यदि बीबी=पत्नी निर्लज्ज भएर न आऊन्, त के पैगम्बर साहेब चाहिं निर्लज्ज भएर आऊन् ? बीबीहरू माथि अजाब=कष्ट हुने र पैगम्बर साहेबमाथि अजाब नहुने यो कुन घरको न्याय हो ? ॥ १२८ ॥

१२९. तथा आफ्ना घरमा अट्किराख, अल्लाह र रसूलको आज्ञा पालन गर, यस बाहेक होइन ॥ जैदले ऊसँग आफ्नो इच्छा (हाजत) पूर्ण (अदा) गरिसकेपछि हामीले तँसँग उसको विवाह गरिदियौं, जसबाट ईमान हुनेहरूमा उनका धर्मपुत्र (लेपालक) का पत्नीहरूको कमी नहोओस् र तीबाट इच्छा पूर्ण गरून् र यो खुदाले दिएको आज्ञा हो ॥ त्यस वस्तुको बीचमा नवी=देवदूतलाई केही कमी छैन ॥ मुहम्मद कुनै मर्दको बाबु होइन ॥ र ईमान भएकी त्यो स्त्री हलाल=पवित्र हुन्छे, जो मिहर (= ?)विना आफ्नो सम्झेर नबीको लागि देओस् ॥ तीमध्ये चाहेजसलाई तँ छूट देऊ, र चाहेजसलाई आफ्नो तर्फ ठाउँ देऊ, तँलाई पाप लाग्नेछैन ॥ ए मानिसहरू! ईमान ल्याएका छौ भने पैगम्बरको घरमा प्रवेश नगर ॥ —मं० ५। सि० २२। सू० ३३।
आ० ३३, ३७, ३८, ४०, ५०, ५१, ५३ ॥

**समीक्षक**—स्त्री चाहिं घरमा कैद भए सरह रहनुपर्ने र पुरुष चाहिं खुल्ला हिंड्ने कुरा ठूलो अन्याय हो। के स्त्रीहरूको चित्त शुद्धवायु, शुद्ध देशमा भ्रमण गर्न र सृष्टिको अनेक पदार्थ हेर्न चाहँदैन

होला? यसै अपराधका कारण मुसलमानहरूका छोरा खासगरी सयलानी=छाडा घुम्ने र विषयी हुन्छन्॥ अल्लाह र रसूलको एउटै अविरुद्ध आज्ञा छ? अथवा छुट्टा छुट्टै विरुद्ध छ? यदि एउटै छ भने 'दुबैको आज्ञा पालन गर' भन्नु व्यर्थै छ। अनि भिन्नाभिन्नै विरुद्ध छ भने एउटा सच्चा र अर्को झूटो छ। एउटा खुदा, अर्को शैतान ठहर्नेछ। तथा शरीक पनि हुनेछ वा: ! कुरानको खुदा, पैगम्बर र कुरान!!! जसमा अरूको कार्य नष्ट गरेर आफ्नो स्वार्थ सिद्ध गर्ने लक्ष्य र इच्छा हुन्छ, त्यसले यस्तो लीला अवश्य रच्तछ॥ यसबाट 'मुहम्मद साहेब अत्यन्त विषयी थिए' भन्ने पनि सिद्ध भयो। नत्र भने छोरा (लेपालक) की पत्नीलाई आफ्नी पत्नी किन बनाउँदथे र? अनि फेरि खुदा पनि यस्ता कामकुरा गर्नेको पक्षपाती भयो र अन्यायलाई न्याय ठहर गर्‍यो। मानिसहरूमा कोही जङ्गली छ भने पनि त्यसले आफ्ना छोराकी पत्नीलाई त्याग्दछ-ग्रहण गर्दैन। अनि त्यो नवीलाई विषयासक्तिको लीला गर्नमा केही पनि रोकटोक वा लाज शरम नहुनु कति ठूलो अन्यायको कुरा हो? यदि नबी कसैको बाबु थिएन भने जैद (लेपालक) कसको छोरो थियो र किन (उसको छोरी भनेर) लेखेको? यस कुराबाट त 'जब छोराको पत्नीलाई पनि घरमा राख्नबाट पैगम्बर साहेब चूकेनन् भने अरूलाई कसरी बाँकी राख्ता हुन् र' भन्ने कुरा प्रष्ट हुन्छ। यस्तो चतुराइ गर्नाले गलत काम कुराबाट हुने निन्दा कहिल्यै छुट्नसक्तैन॥ कुनै पराई स्त्रीले पनि नबी देखि प्रसन्न भएर निकाह (विवाहको पद्धति विशेष) गर्न चाहेमा के त्यो पनि हलाल हुन्छ? अनि नबीले चाहिं जुनसुकै स्त्रीलाई स्वेच्छाले त्याग्न पाउने र मुहम्मद साहेबका स्तीहरूले भने पैगम्बर अपराधी भए पनि कहिल्यै त्याग्न नसक्ने? यो त महाअर्धमको कुरा हो॥ जसरी पैगम्बरका घरहरूमा अरू कोही पनि व्यभिचार दृष्टिले प्रवेश गर्नुहुँदैन भने त्यस्तै पैगम्बर साहेबले पनि कसैको घरमा प्रवेश गर्नुहुँदैन। के नबी चाहिं जोसुकैको घरमा स्वेच्छापूर्वक निश्शंक=बेरोकटोक प्रवेश गर्ने र माननीय पनि हुने? आखिर यस कुरानलाई ईश्वरकृत र मुहम्मद साहेबलाई पैगम्बर र कुरानोक्त ईश्वरलाई परमेश्वर मान्न सक्ने यस्तो हृदयको अन्धो (ज्ञानरूपी आँखा नभएको) को होला? ठूलो आश्चर्यको कुरा त के छ भने यस्ता युक्तिशून्य, धर्मविरुद्ध कुराले परिपूर्ण यस मतलाई अरबदेश निवासी आदि मानिसहरूले माने॥ १२९ ॥

१३०. रसूलले निकाह गरेकी उसकी बीबीहरूसँग पछि कहिल्यै



तिमीले निकाह गर्नु र रसूललाई दु:ख दिनु तिम्रा लागि उचित होइन, निश्चय नै अल्लाहको समीप यो ठूलो पाप हो॥ जो मानिस अल्लाहलाई र उसका रसूललाई दु:ख दिन्छन् निश्चय नै तिनलाई अल्लाहले धिक्कारेको छ॥ अनि जो मानिस मुसलमान र मुसलमान स्त्रीहरूलाई उनीहरूले खराब नगरिकनै दु:ख दिन्छन्, निश्चयनै उनीहरूले बाँहतान अर्थात् झूट र प्रत्यक्ष पाप बोकेका छन्॥ जहाँ फेलापर्छन् त्यहीं धिक्कार्नुपर्दछ, बन्धक बनाउनुपर्दछ, कत्ल गर्नुपर्दछ र खूब मारपीट गर्नुपर्दछ॥ हे हाम्रा मालिक परमेश्वर! उनलाई दोब्बर अजाब=ठूलो दु:ख दिए र धिक्कारभन्दा बढी धिक्कार गर्।

—मं० ५। सि० २२। सू० ३३। आ० ५३,५७,५८,६१,६८॥

**समीक्षक**—वा: ! के खुदा आफ्नो खुदाई=ईश्वरत्वलाई धर्मपूर्वक देखाइरहेछ? जस्तै रसूललाई दु:ख दिन निषेध गर्नु त ठीक छ, तर त्यस्तै अरूलाई दु:ख दिनबाट पनि रसूललाई रोक्नु उचित हुन्थ्यो, अनि किन नरोकेको? के कसैले दु:ख दिएर अल्लाह पनि दु:खी हुन्छ? यदि यसो हो भने त्यो ईश्वर हुनैसक्तैन॥ के अल्लाह र रसूललाई दु:ख दिने कुराको निषेध गर्नाले 'अल्लाह र रसूलचाहिं चाहेजसलाई दु:ख दिऊन्' भन्ने कुरा सिद्ध हुँदैन? अरू सबैलाई चाहिं दु:ख दिनुपर्दछ? जसरी मुसलमानहरू र मुसलमानकी स्त्रीहरूलाई दु:ख दिनु गलत हो, त्यस्तै यी बाहेकका अरू मानिसहरूलाई दु:ख दिनु पनि अवश्य गलत हो। जसले यो कुरा मान्दैन भने उसको पनि यो पक्षपातपूर्ण कुरा हो॥ वा: गदर (विद्रोह, भांडभैलो) मच्चाउने खुदा र नबी! संसारमा यी जस्ता निर्दयी अरू कमै होलान्! जसरी 'अन्य व्यक्ति जहाँ फेलापर्छेन् त्यहीं मार्नु, बन्धक बनाउनु, मारकाट मच्चाउनु' लेखेको छ, कसैले मुसलमानहरूका बारेमा त्यस्तै आज्ञा दिएमा यो कुरा मुसलमानहरूलाई खराब लाग्ने छ वा छैन? वा: ! पैगम्बर आदि कस्ता हिंसक छन्? जो कि परमेश्वरसँग आफू भन्दा अरूलाई दोब्बर दु:ख दिने प्रार्थना गर्ने कुरा लेखेको छ। यो पनि पक्षपात, स्वार्थसागर र महाअधर्मको कुरा हो॥ यसैकारण हालसम्म पनि मुसलमानहरूमा धेरैजसो शठ=धूर्त्त व्यक्ति यस्तै कर्म गर्नमा डर्दैनन्। यो ठीक कुरा हो कि शिक्षा बिना मनुष्य पशुसरह नै रहन्छ॥ १३०॥

१३१. र अल्लाह त्यो पुरुष हो जसले हावालाई पठाउँछ, हावाले बादलहरूलाई उठाउँछ, तिनलाई निर्जीव भूभागतर्फ (शहर मुर्दे) लैजान्छ, बस ऊसँगै हामीले पृथ्वीलाई उसको मृत्युपछि जीवित तुल्यायौं।

यसैगरी कबर=चिहानबाट निकाल्नुछ॥

**( अर्थात् जसरी अल्लाहद्वारा पठाइएका हावाले बादललाई उठाएर निर्जीव भूभागतर्फ लैजान्छन्, त्यसले निर्जीव पृथ्वी जीवित हुन्छ, त्यस्तै कबर भित्र रहेका मुर्दा जीवत भएर उठ्तछन् )**

जसले आफ्नो दयाद्वारा सधैं रहने घर उतार्‌यो (बनायो), त्यसमा हामीलाई मेहनत गर्नुपर्दैन र उसमा थकाई पनि लाग्दैन॥

—मं० ५। सि० २२। सू० ३५। आ० ९,३५॥

**समीक्षक**—वा: ! खुदाको कस्तो 'फिलासफी' रहेछ ? ऊ वायुलाई पठाउँछ र ऊ बादललाई उठाउँदै फिर्दछ ? र खुदा भने मुर्दालाई ब्यूँताउँदै फिर्दछ! कहिल्यै यो कुरा ईश्वरसम्बन्धी हुनसक्तैन, किनकि ईश्वरको काम निरन्तर एकनासै भैरहन्छ। घर छन् भने ती नबनाएका हुनसक्तैनन् र बनेको वस्तु सधैं रहनसक्तैन। जसको शरीर छ ऊ परिश्रमविना दु:खी हुन्छ र शरीर छ भने रोगी नभई बच्न सक्तैन्॥ एउटी स्त्रीसँग समागम गर्ने त रोगबाट बच्न सक्तैन भने धेरै स्त्रीहरूसँग विषय भोग गर्नेहरूको (मुस्लिमहरूलाई बहिश्तमा धेरै स्त्रीहरू मिल्ने कुरा कुरानमा उल्लेख छ) कत्तिको दुर्दशा हुँदो हो? यसकारण मुसलमानहरूले बहिश्तमा बस्नु पनि सदा सुखदायक हुनसक्तैन॥१३१॥

१३२. दृढ (हिक्मतवाला) कुरानको कसम छ॥ निश्चय तँ पठाइएको मध्ये होस्॥ त्यस सोझो मार्गमा॥ गालिब=बलशाली, दयावान् लिए॥ —मं० ५। सि० २३। सू० ३६। आ० २-५॥

**समीक्षक**—अब हेर, यो कुरान खुदाले बनाएको भए ऊ यसको सौगन्ध=कसम किन खान्थ्यो र? यदि नबीलाई खुदाले पठाएको थियो भने छोरा (लेपालक) की पत्नीमाथि किन मोहित हुन्थ्यो? 'कुरानलाई मान्नेहरू सोझो मार्गमा छन्' भन्ने त कुरा मात्र हो। किनकि सत्यमान्नु, सत्य बोल्नु, सत्य गर्नु, पक्षपात रहित न्याय धर्मको आचरण गर्नु र यसको विपरीतलाई त्याग्नु नै सोझो बाटो हुन्छ। सो न त कुरानमा, न मुसलमानहरूमा र न यिनका खुदामा नै यस्तो स्वभाव छ। यदि सबैमा प्रबल पैगम्बर मुहम्मद साहब थिए भने सर्वाधिक विद्यावान् र शुभगुणयुक्त किन हुँदैनथिए? यसकारण कुब्जा (कूंजडी) ले आफ्ना बयरलाई अमिलो नबताएर गुलियो बताए जस्तै यो कुरा पनि हो॥१३२॥

१३३. र सूर=नरसिंगा फुकिने छ (अर्थात् बिगुल बज्नेछ) अनि ती कबर=चिहानबाट आफ्ना मालिकतर्फ दौडनेछन्॥ र त्यस वस्तुका कमाउने थिए (?) भनी उनका गोडा गवाही=साक्षी दिनेछन्॥ जब



कुनै वस्तु उत्पन्न गर्न चाहन्छ, उसका लागि 'भइजा' भन्दछ, बस भैहाल्दछ, यस बाहेक उसको कुनै आज्ञा हुँदैन॥

—मं० ५। सि० २३। सू० ३६। आ० ५१,६५,८२॥

**समीक्षक**—अब उटपटाँग कुरा त सुन! गोडाले के कहिल्यै गवाही दिन (साक्षी बक्न) सक्तछ? त्यसबखत खुदा बाहेक को थियो, जसलाई आज्ञा दियो? कसले सुन्यो? र को बन्यो? यदि कोही थिएन भने यो कुरा झूटो हो तथा कोही थियो भने कुरानमा नै बताइएको 'खुदा बाहेक कुनैवस्तु थिएन र खुदाले सबै थोक बनायो' भन्ने कुरा झूटो हो॥१३३॥

१३४. ती माथि शुद्ध रक्सीको प्याला घुमाइनेछ॥ सेतो र पिउनेहरूलाई मजा दिने॥ उनका नजिकै आँखा निहुँराएकी र सुन्दर आँखा भएकी (स्त्री) बसेका हुनेछन्॥ मानौं ती लुकाएका अण्डा हुन्॥ कि बस हामी मर्नेछैनौं॥ र लूत अवश्य पैगम्बरहरूमध्ये कै थियो॥ जबकि हामीले उसलाई र उसका सबै मानिसलाई मुक्ति दियौं॥ तर एउटी बूढी (लूतकी विद्रोही पत्नी) पछि पर्नेहरूमा छ॥ अनि हामीले अरूलाई मार्‌यौं॥ —मं० ६। सि० २३। सू० ३७। आ० ४५,४६,४८,४९,५८,१३३-३६॥

**समीक्षक**—कसो हो, यहाँ त मुसलमानहरू रक्सीलाई खराब बताउँछन्, तर यि नका स्वर्गमा त रक्सीका खोलै खोला बग्दछन्? यति चाहिं राम्रै छ कि केही गरी यहाँ त मद्य पिउन छुटाए, तर यहाँको सट्टा वहाँ उनको स्वर्गमा ठूलो खराबी छ॥ स्त्रीहरूका कारण त्यहाँ कसैको चित्त स्थिर नरहँदो हो! र ठूला रोग पनि लाग्दाहुन्! यदि शरीरधारी हुन् भने त अवश्य मर्नेछन्। अनि शरीरधारी होइनन् भने भोगविलास गर्नैसक्नेछैनन्। अनि त उनीहरूले स्वर्गमा जानु व्यर्थै छ॥ यदि लूतलाई पैगम्बर मान्दछौ भने बाइबलमा लेखेको ''ऊबाट (लूतबाट) उसका छोरीहरूले समागम गरेर दुई छोरा जन्माए'' यस कुरालाई पनि मान्दछौ अथवा मान्दैनौ? मान्दछौ भने यस्तालाई पैगम्बर मान्नु व्यर्थै छ॥ अनि यस्ता र यस्ताका सङ्गी-साथीहरूलाई खुदा मुक्ति दिन्छ भने त्यो खुदा पनि त्यस्तै हो। किनकि बूढीको कथा सुनाउने र पक्षपातपूर्वक अरूलाई मार्ने व्यक्ति कहिल्यै खुदा हुनसक्तैन। यस्तो खुदा मुसलमानहरूकै घरमा बस्नसक्तछ, अन्त सक्तैन॥१३४॥

१३५. सधैं रहने बहिश्त छन्, उनका लागि उनका (बहिश्त) ढोका खुल्ला छन्॥ उनमा तकिया हुनेछन्, त्यसमा मेवाहरू

(खानेमसला) र पेयपदार्थ मंगाइनेछन्॥ तथा उनका नजिकै आँखा निहुराएकीहरू र अरूका समान उमेरकी (तरुनीहरू) हुनेछन्॥ बस, सबै फरिश्ताहरूले सिजदा (प्रणाम) गरे॥ तर शैतानले मानेन, अभिमान गर्‍यो, ऊ काफिरहरूमध्येको थियो॥ ए शैतान! तँलाई कुन वस्तुले रोक्यो, किनकि सिजदा=प्रणाम गरेस् भन्ने हेतुले मैले तँलाई आफ्ना दुबै हातले बनाएँ, तैंले किन अभिमान गरिस्? अथवा के तँ ठूलो अधिकारवान् (टाउको उठाउने=विरोध गर्नेहरू) हरूमा परिस्?॥ भन्यो, म त्यस वस्तुभन्दा असल हुँ, तैंले मलाई आगोबाट उत्पन्न गरिस्, उसलाई माटोबाट॥ भनें, बस तँ यी आकाशहरूबाट निस्किहाल्, बस, तँ निश्चय नै चलाइएको होस्॥ फल दिइने दिनसम्म निश्चय नै तँलाई मेरो धिक्कार छ। भन्यो, हे मेरा मालिक! मुर्दाहरू उठाइने दिन सम्मका लागि छूट देऊ॥ भने कि बस तँ निश्चय नै छूट दिएकाहरूमध्ये कै होस्॥ जानिएको त्यस दिन समयसम्म॥ भन्यो कि बस, तेरो प्रतिष्ठाको कसम छ कि उनीहरूलाई, सामूहिक रूपमा म अवश्य गुमराह=पथभ्रष्ट पार्नेछु॥

—मं० ६। सि० २३। सू० ३८। आ० ५०-५२,७३-८२॥

**समीक्षक**—कुरानमा लेखेजस्तै त्यहाँ (बहिश्तमा) बाग-बगैंचा, नहर, घर आदि त्यस्तै छन् भने ती न त सदादेखि थिए, न सधैं रहनसक्नेछन्। किनकि संयोगबाट भएको पदार्थ संयोग हुनु अघि थिएन। अवश्य हुने वियोगको अन्तमा रहनेछैन। जब त्यो बहिश्त नै रहने छैन भने त्यसमा बस्नेहरू सधैं कसरी रहनसक्तछन्? किनकि 'त्यहाँ गादी, तकिया, मर-मसला र पेयपदार्थ मिल्नेछन्' लेखेको छ। यसबाट 'जुनबेला मुसलमानहरूको मजहब=सम्प्रदाय चल्यो, त्यसबेला अरबदेश खास धनाढ्य थिएन' भन्ने कुरा सिद्ध हुन्छ। यसैकारण मुहम्मद साहेबले तकिया आदिको कथा सुनाएर गरीब-गुरवालाई आफ्नो मतमा फसाए। अनि जहाँ स्त्री छन् त्यहाँ निरन्तर सुख कहाँ? ती स्त्री त्यहाँ कहाँबाट आएका हुन्? अथवा बहिश्त निवासी नै हुन्? आएका हुन् भने जानेछन्। अनि त्यहींका निवासी हुन् भने कयामत अघि के गर्दथे? के निकम्मा भएर आफ्ना उमेरलाई खेरफालिरहन्थे?॥ अब खुदाको तेज त हेर कि अरू सबै फरिश्ताहरूले त उसको हुक्म माने र आदम साहेबलाई नमस्कार गरे, तर शैतानले मानेन। खुदाले शैतानसँग सोध्यो र भन्यो कि 'मैले तँलाई आफ्ना दुबै हातले बनाएँ, तँ अभिमान नगर्'। यसबाट 'कुरानको खुदा दुई हात भएको मानिस



थियो' भन्ने कुरा सिद्ध हुन्छ। यसकारण ऊ व्यापक वा सर्वशक्तिमान् कहिल्यै हुनसक्तैन्। शैतानले 'म आदमभन्दा उत्तम हुँ' भनी सत्य कुरा बोल्यो। यसमा खुदा किन रिसायो? के खुदाको घर आकाशमै छ, पृथ्वीमा छैन? त्यसो भए पहिले काबालाई खुदाको घर किन लेखेको? आखिर परमेश्वर आफूबाट वा सृष्टिबाट बाहिर कसरी निस्कन सक्तछ? अनि त्यो सब सृष्टि त परमेश्वरको हो। यसबाट 'कुरानको खुदा बहिश्तको जिम्मेवार थियो' भन्ने विदित भयो। खुदाले उसलाई धिक्कार्‍यो र बन्दी बनायो तथा शैतानले 'हे मालिक! मलाई कयामतसम्म छोडदे' भन्यो। खुशामद गरेपछि खुदाले कयामतसम्म छोड्यो। शैतान छुटेपछि खुदा भन्दछ कि अब म खूब भड़काउने-भट्काउनेछु र गदर=विद्रोह मच्चाउनेछु। अनि खुदाले भन्यो कि जतिलाई तँ भ्रमित पार्नेछस् म तिनलाई र तँलाई पनि दोजखमा हाल्नेछु। सज्जनवृन्द! अब विचार गर्नुहोला कि शैतानलाई भड्काउने खुदा हो अथवा ऊ आफैं भट्कियो? यदि खुदाले भड्कायो भने ऊ शैतानको पनि शैतान ठहर्दछ। यदि शैतान आफैं भट्कियो? यदि खुदाले भड्कायो भने ऊ शैतानको पनि शैतान ठहर्दछ। यदि शैतान आफैं भट्कियो भने अरू जीव पनि आफैं भट्किनेछन्, शैतानको जरूरतै पर्दैन। अनि यस बागी=विद्रोही शैतानलाई खुदाले खुल्ला=छाडा छोड्यो, यसकारण अधर्म गराउनमा ऊ (खुदा) पनि शरीक=सम्मिलित भयो भन्ने विदित हुन्छ। यदि आफैं चोरी गराएर दण्ड दिन्छ भने त्यसको अन्यायको कुनै बारपार नै छैन॥ १३५॥

१३६. अल्लाह सबै पाप क्षमा गर्दछ, निश्चय नै ऊ क्षमावान् दयालु छ॥ अनि कयामतका दिनमा सम्पूर्ण पृथ्वी उसको मुट्ठीमा हुन्छ र उसको दाहिने हातमा आकाश बेरिएका हुन्छन्॥ तथा आफ्ना मालिकको प्रकाशका साथ पृथ्वी चम्कनेछ, र कर्मपत्र राखिनेछन्, र पैगम्बरहरूलाई ल्याइनेछ र गवाह (साक्षी) हरूलाई (ल्याइनेछ), तथा फैसला गरिनेछ॥

—मं० ६। सि० २४। सू० ३९। आ० ५३,६७,६९॥

**समीक्षक**—यदि खुदा समग्र पापलाई क्षमा गर्दछ भने ऊ सब संसारलाई पापी बनाउँदछ र दयाहीन छ। किनकि एउटा दुष्ट प्रति दया र क्षमा गर्नाले ऊ झन् बढी दुष्टता गर्नेछ तथा अरू धेरै धर्मात्माहरूलाई दुःख दिनेछ। यदि अलिकति पनि अपराध क्षमा गरिएमा जगत्मा अपराधै अपराध भरिपूर्ण हुनेछ॥ के परमेश्वर आगो जस्तै प्रकाशवान्

छ? अनि कर्मपत्र कहाँ जम्मा रहन्छन्? र कसले लेख्तछ? यदि पैगम्बर र साक्षीहरूको भरमा खुदा न्याय गर्दछ भने ऊ असर्वज्ञ र असमर्थ छ। यदि ऊ अन्याय गर्दैन, न्याय नै गर्दछ भने कर्म अनुसार गर्दछ होला। ती कर्म पूर्वापर वर्त्तमान जन्महरूका हुनसक्तछन्। अनि फेरि क्षमा गर्नु, दिलमा ताल्चा (छाप) लगाउनु, शिक्षा नदिनु, शैतानद्वारा भ्रमित पार्न लगाउनु, दौडासुपुर्द राख्नु (मरेकालाई कयामत सम्म कर्मफल नदिनु) आदि अन्याय मात्र हो॥ १३६॥

१३७. अल्लाह गालिब ज्ञाताको तर्फबाट किताब आएको हो॥ पापलाई क्षमा गर्नेर तोबा: (प्रायश्चित्त) लाई स्वीकार गर्ने॥

—मं० ६। सि० २४। सू० ४०। आ० २,३॥

**समीक्षक**—यो कुरा 'सोफा मानिस अलिकति सत्य बाहेक असत्यले भरिपूर्ण यस पुस्तकलाई अल्लाहको नामबाट स्वीकार गरून्' भन्ने उद्देश्य ले राखिएको हो। अनि त्यो अलिकति सत्य पनि असत्यसँग मिसिएर बिग्रेजस्तै छ। यसैकारण कुरान र कुरानकी खुदा तथा यसलाई मान्नेहरू पाप बढाउँछन्, पाप गर्दछन् र गराउँछन्। किनकि पाप क्षमा गर्नु भनेको ठूलो अधर्म हो। तर यसैकारण मुसलमानहरू पाप र उपद्र गर्नमा कम डर्दछन्॥ १३७॥

१३८. उसले दुई दिनमा सात ओटा आकाश तैयार पार्‍यो र उसमा हामीले उसको काम हाल्यौं॥ यतिसम्म कि उसको नजिक जादा उनका कान, उनका आँखा र उनका छाला उनका कर्मबाट तीमाथि साक्षी दिनेछन्॥ अनि आफ्ना छालालाई 'तैंले हामीमाथि (हाम्रो वारे) किन साक्षी दिइस्?' भन्नेछन्। जसले हर वस्तुलाई बोलायो, त्यसै अल्लाहले हामीलाई बोलाएको छ॥ भन्नेछन्, मुर्दाहरूलाई अवश्य ब्यूँताउँछ॥ —मं० छ० सि० २४। सू० ४१। आ० १२,२०,२१,३९॥

**समीक्षक**—वा: जी वा मुसलमानहरू हो! तिमीहरूले सर्वशक्तिमान् मानेको खुदाले सात ओटा आकाशलाई दुई दिनमा बनाउन सक्यो! अनि सर्वशक्तिमान्‌ले त क्षणभरमा सबैलाई बनाउनसक्तछ। आखिर ईश्वरले कान, आँखा र छालालाई जड़ बनाएको छ, तिनले साक्षी कसरी दिन सक्तछन्? यदि साक्षी दिलाउँछ भने पहिले तिनलाई जड़ किन बनायो? अनि आफ्नो पूर्वापर काम नियमविरुद्ध किन गर्‍यो? एउटा यो भन्दा पनि ठूलो मिथ्या कुरा यो हो कि जब जीवहरूको वारेमा साक्षी दिए, तब ती जीव आ–आफ्ना छालासँग 'तैंले हास्रो बारे साक्षी किन बकिस्?' भनी सोध्नथाले? छाला भन्ने छ कि खुदाले



साक्षी बक्न लगायो, म के गरुँ? आखिर के कहिल्यै यो कुरा हुनसक्तछ? जस्तै कसैले भन्दछ कि मैले बाँझीको छोराको मुख देखें। यदि छोरो छ भने बाँझी कसरी? अनि बाँझी हो भने उसको छोरो हुनै असम्भव छ। यो पनि यस्तै किसिमको मिथ्या कुरा हो। यदि ऊ मुर्दाहरूलाई ब्यूँताउँछ भने पहिले मारैके किन थियो? के आफैं पनि मुर्दा हुनसक्तछ? कि सक्तैन? हुनसक्तैन भने मुर्दापनलाई खराब किन सम्झन्छ? अनि कयामतको रात्रिसम्म मृतक जीव कुन मुसलमानको घरमा रहनेछन्? अनि खुदाले अपराधविना नै दौडासुपुर्द (मरेकालाई कयामतसम्म पर्खनुपर्ने) किन राख्यो? किन शीघ्र न्याय गरेन? यस्ता यस्ता कुराले ईश्वरता शंकास्पद हुन्छ॥ १३८॥

१३९. उसका लागि आकाशहरूको र पृथ्वीको साँचो छ। जसको लागि चाहान्छ भोजन खोल्दछ र (जसलाई चाहान्छ) सताउँछ॥ जे चाहान्छ उत्पन्न गर्दछ र जसलाई चाहान्छ (उसलाई) छोरीहरू दिन्छ र जसलाई चाहान्छ (उसलाई) छोराहरू (दिन्छ)॥ अथवा उनलाई छोरा र छोरी मिलाएर दिन्छ र चाहे जसलाई बाँझी बनाउँदछ॥ कुनै मानिसमा अल्लाहसँग कुरा गर्ने शक्ति छैन, तर मनमा हालेर अथवा पर्दा पछाडिबाट अथवा पैगाम=सन्देश ल्याउने फरिश्ताहरू पठाएर (कुरा वा व्यवहार गर्नसक्तछ)॥

—मं० ६। सि० २५। सू० ४२। आ० १२,४९–५१॥

(यस आयतको भाष्य 'तफसीरहुसैनी' मा लेखेको छ कि मुहम्मद साहेब दुईवटा पर्दामा थिए। र खुदाको आवाज सुने। एउटा पर्दा जरीको थियो, अर्को सेतो मोतीको। र दुबै पर्दाको बीचमा सत्तरी वर्ष चल्न योग्य मार्ग थियो।

बुद्धिमानहरुले यो कुरा विचार गरौं कि यो खुदा हो कि पर्दापछाडिबाट कुरा गर्ने आइमाइ हो? यिनीहरूले त ईश्वरकै दुर्दशा गरे। कहाँ त वेद तथा उपनिषद् आदि सद्ग्रन्थहरूमा प्रतिपादित शुद्ध परमात्मा र कहाँ कुरानमा भनिएको पर्दा पछाडिबाट कुरा गर्ने खुदा? सत्य त के हो भने अरबका मानिस अविद्वान् थिए। उत्तम कुरा कसको घरबाट ल्याउँथे र?)

**समीक्षक**—खुदासँग साँचोको भण्डार भरिपूर्ण हुँदो हो। किनकि सबै ठाउँका लाल्चा खोल्नुपर्ने हुँदाहुन्! यो अल्लारेपनको कुरा हो। के जसलाई चाहान्छ, त्यसलाई पुण्यकर्मबेगर नै ऐश्वर्य दिन्छ? र पापविना नै सताउँछ? यदि यसो हो भने त्यो ठूलो अन्यायकारी छ। ल

अब 'स्त्रीहरू पनि मोहित भएर फसून्' भन्ने कुरान बनाउनेको चतुराई त हेर! यदि जे चाहान्छ, उत्पन्न गर्दछ भने के अर्को खुदा उत्पन्न गर्न पनि सक्तछ वा सक्तैन? यदि सक्तैन भने यहाँ त त्यो सर्वशक्तिमत्ता अडकियो॥ आखिर मानिसलाई त चाहेजसलाई छोरा–छोरी खुदा दिन्छ, तर कुखुरा, माछा, सूँगुर आदि, जसका धेरै छोरा–छोरी हुन्छन्, उनलाई कसले दिन्छ? र स्त्री–पुरुषको समागम बेगर नै (छोरा–छोरी) किन दिंदैन? कसैलाई बाँझै राखेर आफ्नै इच्छाले दु:ख किन दिन्छ? वा:! खुदा त खुबै तेजस्वी रहेछ कि उसको सम्मुख कोही कुरै गर्न सक्तैन? तर उसले अघि भनिसकेको छ कि पर्दा हालेर कुरा गर्न सक्तछ, अथवा खुदासँग फरिश्ताहरू कुरा गर्दछन् या पैगम्बर। यसो हो भने फरिश्ता र पैगम्बरहरू खूब आफ्नो स्वार्थ सिद्ध गर्दाहन्? यदि कसैले खुदालाई सर्वज्ञ सर्वव्यापक बताउँछ भने 'पर्दापछाडिबाट कुरा गर्ने या डाँकबाट जस्तै खबर मंगाएर जान्ने' कुरा लेख्नु व्यर्थै हुन्छ। अनि यस्तो छ भने त्यो खुदा नै होइन, तर कुनै चलाख मानिस होला। यसकारण यो कुरान कहिल्यै ईश्वरकृत हुनसक्तैन॥ १३९ ॥

१४०. र जब प्रत्यक्ष प्रमाणका साथ ईसा आयो॥

—मं० ६। सि० २२। सू० ४३। आ० ६३॥

**समीक्षक**—यदि ईसालाई पनि खुदाले पठाएको हो भने खुदाले उसको (ईसाको) उपदेशको विरुद्ध कुरान किन बनायो? अनि कुरानको विरुद्ध इञ्जील छ। यसैकारण यी पुस्तक ईश्वरकृत होइनन्॥ १४०॥

१४१. उसलाई समात र उसलाई दोजखको ठीक बीचमा घिच्याऊ॥ यसैगरी रहनेछन् र उनको विवाह गोरी र राम्रा आँखा भएकी (तरुनी) हरूसँग गरिदिनेछौं॥—मं० ६। सि० २५। सू० ४४। आ० ४७,५४॥

**समीक्षक**—वा: खुदा!! न्यायकारी भएर प्राणीहरूलाई गिरफ्तार गराउने र घिच्याउन लगाउने? जब मुसलमानहरूको खुदा नै यस्तो छ त उसका उपासक मुसलमान अनाथ निर्वलहरूलाई बन्धक बनाउने–घिच्याउने गर्दछन् ने यसमा के आश्चर्य छ त? अनि ऊ सांसारिक मानिस सरह विवाह पनि गराउँदछ? सम्झ ऊ त मुसलमानहरूको पुरेत नै हो॥ १४१॥

१४२. जब तिमी काफिर भएका व्यक्तिहरूलाई भेट्तछौ, बस उनका गर्दनमा हान, यतिसम्म हान कि उनलाई चूर–चूर गर, र उनलाई दृढतापूर्वक कैद गर॥ तथा धेरै बस्तीहरू यस्ताछन् जुनबस्ती तेरो बस्तीभन्दा धेरै कठिन शक्तिशाली थिए, जसले कि तिमीलाई निकाल्यो,



हामीले उसलाई मार्‍यौं, उनीहरूलाई सहायता पुर्‍याउने कोही भएन॥ त्यस बहिश्तको परिचय (तारीफ) यो हो कि परहेजगार=धार्मिक व्यक्तिहरूले प्रतिज्ञा गरेका छन्। उसमा सफासुग्घर (नबिग्रेको) पानीका नहरहरू छन्, स्वाद नबिग्रेका दूधका नहर छन्, पिउनेहरूलाई मजा दिने रक्सीका नहर छन् र सफा गरिएको महका नहर छन् तथा उनका लागि उसमा (बहिश्तमा) प्रत्येक प्रकारका मर–मसला छन्, उनका मालिकको पात्रबाट।

—मं० ६। सि० २६। सू० ४७। आ० ४,१३,१५।

**समीक्षक**—यसैबाट यो कुरान, खुदा र मुसलमान गदर मच्चाउने, सबैलाई दु:ख दिने, आफ्नो स्वार्थ सिद्ध गर्ने र दयाहीन छन् भन्ने सिद्ध हुन्छ। जस्तो यहाँ लेखेको छ त्यस्तै अरू कोही अन्य मतावलम्बीले मुसलमानहरूमाथि गरेमा, जस्तो दु:ख मुसलमानहरू अरूलाई दिन्छन् त्यस्तै दु:ख तिनलाई हुन्छ कि हुँदैन? तथा खुदा ठूलो पक्षपाती छ, जसले मुहम्मद साहेबलाई निकाले, तिनलाई खुदाले मार्‍यो॥ आखिर जसमा शुद्ध पानी, दूध, मद्य र महका नहरहरू छन्, के त्यो (बहिश्त) संसारभन्दा बढी हुन सक्तछ? अनि के कहिल्यै दूधका नहर हुनसक्तछन्? किनकि दूध त थोरै समयमा बिग्रन्छ। यसैकारण बुद्धिमान् व्यक्ति कुरानको मतलाई मान्दैनन्॥ १४२॥

१४३. पृथ्वीलाई हल्लिने गर्न चाहँदा पृथ्वी हल्लाइने छ र पहाड उड्ने पार्न खोज्दा ती उडाइने छन्॥ बस टुक्रा टुक्रा भुसुना हुनेछन्॥ बस दाहिने तर्फका साहेब, दाहिने तर्फका साहेब के हुन्? त्यस्तै देब्रेतर्फका को हुन्?॥ माथि सुनका तारले बनेका पलङ्ग छन्॥ तीमाथि आमने–सामने तकिया छन्॥ तीमाथि सधैं रहने केटा फिर्नेछन्॥ आबखोर=(खास किसिमको गिलास), आफताब=(खास करुवा) र सफा रक्सीका प्यालाका साथ॥ त्यसबाट टाउको दुखाइने छैन र विरुद्ध बोल्नेछैनन्। र मसला त्यस किसिमका कि मन पराइयून्॥ तथा जनावर र पक्षीहरूको मासु मनपर्ने गरी॥ तथा उनका लागि राम्रा आँखा भएकी स्त्री छन्॥ लुकाइएकाहरूको मोती जस्तै॥ तथा ठूला ओछ्यान॥ निश्चय नै हामीले स्त्रीलाई (एक विशेष प्रकारको शारीरिक उठान भएको) उत्पन्न गर्‍यौं॥ हामीले उनलाई कुमारी (कन्या केटी) बनायौं॥ बराबर अवस्था भएकी सुहागिनहरू॥ बस त्यसबाट पेट भर्नेछौ॥ म तारका साथै लड्ने कसम खान्छु॥ —मं० ७। सि० २७। सू० ५६।

आ० ४–६,८,९,१५–२३,३४–३७,५३,७५॥

**समीक्षक**—ल अब कुरान बनाउनेको लीला त हेर! आखिर पृथ्वी त हल्लिई नै रहन्छ (घुम्दछ), त्यस बखत पनि हल्लिइ रहनेछ। यसबाट कुरानको रचयिता 'पृथ्वीलाई स्थिर छ भन्ने ठान्दथ्यो' भन्नेकुरा सिद्ध हुन्छ॥ आखिर के पहाडलाई पक्षी जस्तै उडाउने छ? यदि भुसुना हुनेछन् भने पनि सूक्ष्म शरीरधारी रहनेछन्। अनि त उनको अर्को जन्म किन भएन? वा:! यदि खुदा शरीरधारी नभएको भए उसको दाहिने र देब्रेतर्फ कसरी उभिनसक्तथे? त्यहाँ सुनको तारले बुनेका पलङ्ग छन् भने त्यहाँ सिकर्मी, सुनार पनि रहँदाहुन्? तथा उडुस-उपियाँले टोकेर रात्रिमा उनलाई निदाउन पनि नदिंदाहुन्? बहिश्तमा ती तकिया लगाएर निकम्मा भएर बसिरहन्छन् कि केही काम पनि गर्ने गर्दछन्? यदि ती बसी मात्र रहन्छन् भने उनले खाएको अन्न नपच्नाले रोगी भएर छिट्टै मर्दा पनि हुन्। अनि यदि ती काम गर्ने गर्दछन् भने जस्तो मिहिनेत-मजदूरी यहाँ गर्दछन्, त्यस्तै त्यहाँ परिश्रम गरेर निर्वाह गर्दाहुन्, अनि यहाँभन्दा त्यहाँ बहिश्तमा के खास छ त? केही पनि छैन॥ यदि त्यहाँ केटा सधैं रहन्छन् भने उनका आमा बाबु पनि रहँदा हुन् र सासू-ससुरा पनि रहँदाहुन्? अनि धेरै ठूलो शहर निर्मित हुन्छ होला? अनि दिसा-पिसाब बढ्नाले धेरैजसो रोग पनि हुँदाहुन्? किनकि जब मेवा-मसला खानेछन्, गिलासहरूमा पानी पिउनेछन् र प्यालाबाट रक्सी पिउनेछन्, न त उनको टाउको दुख्नेछ र न कोही विरोधमा बोल्नेछ, यथेष्ट=चाहेजति मर-मसला खानेछन् र जनावर तथा पक्षीहरूको मासु पनि खानेछन्, अनि त अनेक प्रकारका दु:ख, पक्षी र जनावर त्यहाँ हुनेछन् र हत्या हुनेछ र जताततै हाड़ छरिएका हुनेछन्। तथा कसाईहरूका पसल पनि हुँदा हुन्? वा:! यिनका बहिश्तको प्रशंसामा के भनौ!! त्यो त अरबदेश भन्दा पनि बढी देखापर्दछ!!! अनि मद्य-मांस पिएर-खाएर उन्मत्त हुन्छन्, अनि त राम्री-राम्री स्त्री र केटा पनि त्यहाँ अवश्य आवश्यक छन्। नत्र भने यस्ता नशाबाजका टाउकोमा गर्मी चढेर प्रमत्त हुनेछन्। धेरै स्त्री पुरुषलाई सुत्नका निमित्त अवश्य ठूला-ठूला ओछ्यान चाहिन्छन्। जब खुदा कुमारीहरू बहिश्तमा उत्पन्न गर्दछ, अनि त कुमार केटालाई पनि उत्पन्न गर्दछ। आखिर कुमारीहरूको विवाह त खुदाले यहाँबाट उम्मेदवार भएर जानेहरूका साथ हुने कुरा लेखेको छ, तर त्यहाँ सधैं रहने ती केटाहरूको कुनै कुमारीसँग विवाह हुने कुरा लेखेको छैन। के त ती पनि कुमारी जस्तै तिनै उम्मेदवारका साथ दिइनेछन्? यसको कुनै



व्यवस्था लेखेको छैन। खुदाबाट यो ठुलो भूल किन भयो? यदि बराबर अवस्था=आयुका सुहागिन स्त्रीहरू पति प्राप्त गरेर बहिश्तमा रहन्छन् भने यो ठीक भएन। किनकि स्त्रीहरूको भन्दा पुरुषको आयु डेढी वा दोब्बर हुनुपर्दछ। यो त मुसलमानहरूको बहिश्तको कथा हो। अनि नरकवासी भने सिंहोड अर्थात् थूहर (वृक्षविशेष) को वृक्षलाई खाएर पेट भर्नेछन् भने दोजखमा काँड़ाका वृक्ष पनि हुँदाहुन् त काँडा पनि बिझ्दा हुन्। तथा तातो पानी पिउने आदि दु:ख दोजखमा पाउनेछन्। प्राय: झूठा व्यक्तिले कसम खान्छन्, सच्चाले खाँदैनन्। यदि खुदा नै कसम खान्छ भने ऊ झूठबाट अलग्गिन सक्दैन॥ १४३॥

१४४. जो उसको (अल्लाहको) मार्गमा लड्दछन् उनैलाई अल्लाह निश्चय नै मित्र बनाउँदछ॥

—मं० ७। सि० २८। सू० ६१। आ० ४॥

**समीक्षक**—वा: ठीक छ! यस्ता यस्ता कुराको उपदेश गरेर विचरा अरबदेशवासीहरूलाई सबैसँग लडाएर, शत्रु बनाएर (यस खुदाले) परस्पर दु:ख दिलायो। तथा मजहबको झगडा खडा गरेर लडाई फैलायो। यस्तालाई कुनै बुद्धिमान् के कहिल्यै ईश्वर मान्नसक्दैन। जो जातिमा दु:ख बढाउँछ, उही सबैको दु:खदाता हुन्छ॥ १४४॥

१४५. ए नबी! तँ आफ्ना बीबी=पत्नीहरूको प्रसन्नता चाहान्छस् भने जुन वस्तुलाई खुदाले तेरो लागि हलाल=पवित्र गरेको छ, त्यसलाई किन हराम=अपवित्र पार्दछस्? र अल्लाह क्षमावान् दयालु छ॥ उसले तिमीलाई छोडेमा उसलाई तिमीभन्दा राम्री मुसलमान र ईमान भएको, सेवा गर्ने, तोबा: (प्रायश्चित्त) गर्ने, भक्ति गर्ने, रोजा (उपवासविशेष) राख्ने, पुरुषलाई देखेकी र नदेखेकी बीवीहरू बदल्न उसको खुदा मालिक) लाई बेर लाग्ने छैन॥

—मं० ७। सि० २८। सू० ६६। आ० १,५॥

**समीक्षक**—ध्यान दिएर हेर्दा यो खुदा त के, मुहम्मद साहेबको घरको भित्री र बाहिरी प्रबन्ध गर्ने नोकर पो ठहर्दछ!! अघिल्लो आयतवारे दुईवटा कथा छन्—पहिलो यो हो कि मुहम्मद साहेबलाई महको शर्बत प्रिय थियो। उनका अनेक पत्नी थिए। तीमध्ये एउटीको घरमा पिउनमा ढिलो भयो। अर्कीलाई यो कुरा असह्य प्रतीत भयो। तीसँग भन-सुन भएपछि मुहम्मद साहेबले 'हामी पिउने छैनौं' भनी सौगन्ध खाए। दोस्रो यो हो—उनका अनेक पत्नीमध्ये एउटीको पालो थियो। उसकहाँ रात्रिमा जाँदा ऊ थिइन। आफ्नो माइत गइछ। मोहम्मद

साहेबले एउटी लौंडी (केटी) अर्थात् दासीलाई बोलाएर पवित्र गरे। पत्नीलाई यो कुराको खबर लाग्दा ऊ रिसाई। अनि मोहम्मद साहेबले 'म यसो गर्नेछैन' भनी सौगन्ध खाए तथा पत्नीसँग 'तिमी यो कुरा कसैलाई नभन्नू' भने। पत्नीले 'भन्दिन' भनी स्वीकार गरी। अनि उनले अर्की पत्नीसँग गएर भने। यस बारे खुदाले यो आयत उतार्‍यो— 'जुनवस्तुलाई हामीले तेरा लागि हलाल गर्‍यौं, त्यसलाई तँ हराम किन गर्दछस्?' बुद्धिमानहरूले के विचारणीय छ भने 'के कतै खुदा पनि कसैको घरको निपटारा गर्दै डुल्छ?' तथा मुहम्मद साहेबको आचरण त यिनै कुराबाट प्रगट भैरहेछन्। किनकि अनेक स्त्रीलाई राख्ने पनि ईश्वरको भक्त वा पैगम्बर कसरी हुनसक्तछ? अनि पक्षपातपूर्वक एउटी स्त्रीको अपमान र अर्कीको मान गर्ने व्यक्ति पक्षपाती भएर अधर्मी किन होइन? अनि धेरैजसो स्त्रीहरूबाट पनि सन्तुष्ट नभएर बाँदी=दासी (केटी सँग फस्ने व्यक्तिमा लज्जा, भय र धर्म कहाँ रहन्छ र? कसैले निकै छ कि—'**कामातुराणां न भयं नलज्जा**'। काम-वासना भएको व्यक्तिलाई अधर्म देखि भय वा लाज लाग्दैन। तथा यिनको खुदा पनि मुहम्मद साहेबकी स्त्रीहरू र पैगम्बरको झगडाको फैसला गर्नमा मानौं न्यायधीश बनेको छ! अब बुद्धिमानहरूद्वारा 'यो कुरान विद्वानकृत, ईश्वरकृत अथवा कुनै अविद्वान् स्वार्थ सागर भएको व्यक्तिले बनाएको हो' भन्ने कुरा विचार गर्दा स्पष्ट विदित भइहाल्नेछ। दोस्रो आयत बाट प्रतीत हुन्छ कि—मुहम्मद साहेबदेखि उनकी कुनै पत्नी अप्रसन्न भई होली। त्यसवारे खुदाले यो आयत उतारेर उसलाई हप्कायो होला कि तैंले गडबड गरेको खण्डमा मुहम्मद साहेबले तँलाई छोड्नेछन्, अनि उनलाई उनको खुदाले तँ भन्दा राम्री र पुरुषसँग सम्पर्क नभएकी स्त्रीहरू दिनेछ॥ कुनै मानिसमा अलिकति पनि बुद्धि भएमा 'यी खुदाका काम हुन् अथवा आफ्नो प्रयोजन-सिद्धिका काम हुन्' भन्ने कुरा विचार गर्नसक्तछ। वास्तवमा यस्ता यस्ता कुराबाट 'कुनै खुदा केही भन्दैनथियो, केवल देशकाल अनुसार आफ्नो प्रयोजन सिद्ध गर्नका लागि खुदाको तर्फबाट मुहम्मद साहेब भन्ने गर्दथे' भन्ने कुरा ठीक सिद्ध हुन्छ। यस्ता कुरालाई खुदाकै तर्फ मान्नेहरूलाई हामी त के, सबै बुद्धिमान्हरूले यही भन्नेछन् कि 'यो खुदा के हो, यो त मानौं मुहम्मद साहेबको लागि बीवीहरू ल्याउने नाऊ पो रहेछ'!!! (अधि अधि विवाहमा नाऊको प्रमुख भूमिकाहुन्थ्यो)॥ १४५॥

१४६. ए नबी! काफिरहरू र गुप्त शत्रुहरूसँग झगडा गर् र



तीमाथि सख्ती=कठोरता गर्॥

—मं० ७। सि० २८। सू० ६६। आ० ९॥

**समीक्षक**—ल, मुसलमानका खुदाको लीला त हेर! अरू मतावलम्बीहरूसँग लड्नका लागि पैगम्बर र मुसलमानहरूलाई उचाल्दछ। यसैकारण मुसलमानहरू उपद्रव गर्नमा तत्पर रहन्छन्। परमात्मा मुसलमानहरू माथि कृपादृष्टि गरोस्, जसबाट यिनीहरू उपद्रव मच्चाउन छोडेर सबैसँग मित्रताको व्यवहार गरून्॥ १४६॥

१४७. आकाश फट्नेछ, र त्यस दिन ऊ सुस्त हुनेछ॥ र उसको छेउमा फरिश्ताहरू हुनेछन्, र त्यसदिन आठ जनाले तेरा मालिकको सिंहासन आफ् माथि उठाउनेछन्॥ त्यस दिन तिमी सामुन्ने ल्याइनेछौ र तिम्रो कुनै कुरा लुकिराख्ने छैन॥ जसलाई उसको कर्मपत्र दाहिने हातमा दिइनेछ, ऊ 'मेरो कर्मपत्र पढ' भन्नेछ॥ तथा जसलाई उसको कर्मपत्र उसको देब्रे हातमा दिइने छ, ऊ 'आः मलाई मेरो कर्मपत्र न दिइएको भए हुन्थ्यो' भन्नेछ॥

—मं० ७। सि० २९। सू० ६९। आ० १६-१९,२५॥

**समीक्षक**—वाः! कस्तो 'फिलासफी' र न्यायकी कुरा छ? आखिर के आकाश पनि कहिल्यै फाट्नसक्तछ? के त्यो लुगाफाटो जस्तै छ र फाटोस्? यदि माथिल्लो लोकलाई आकाश भन्दछन् भने यो विद्याविरुद्ध कुरा हो। कुरानको खुदा शरीरधारी भएको कुरामा अब त केही पनि शंका रहेन। किनकि सिंहासन (तख्त) मा बस्ने, आठओटा डोलेबाट उठाउन लगाउनु आदि कुनै पनि कुरा मूर्त्तिमान् न भई हुनै सक्दैनन्। तथा अगाडि-पछाडि आउने जाने कुरा पनि मूर्त्तिमान् कै हुनसक्तछ? अनि ऊ मूर्त्तिमान् छ भने एकदेसी हुनाले सर्वज्ञ, सर्वव्यापक, सर्वशक्तिमान् हुनसक्दैन। तथा सबै जीवहरूका सबै कर्मलाई कहिल्यै जान्नसक्तैन। पुण्यात्माहरूको चाहि दाहिने हातमा कर्मपत्र दिने, पढ्न लगा लगाउने र बहिश्तमा पठाउने तथा पापात्माहरूको चाहिं देब्रे हातमा कर्मपत्र दिने, नरकमा पठाउने र कर्मपत्र पढेर न्याय गर्ने यो अचम्मैको व्यवस्था छ। आखिर के यो सर्वज्ञको व्यवहार हुनसक्तछ? कहिल्यै हुनसक्तैन। यो सबै अल्लारेपनको लीला हो॥ १४७॥

१४८. फरिश्ताहरू र आत्मा उसको तर्फ चढ्नेछन्, त्यस दिनमा पचास हजार वर्ष परिमाण भएको त्यो अजाब=दुःख हुनेछ॥ जब ती कबरहरूबाट दौडंदै निस्कनेछन्, (तब) ती मूर्तिहरूका ठाउँतर्फ दौडेजस्तै (लाग्नेछ)॥ —मं० ७। सि० २९। सू० ७०। आ० ४,४३॥

**समीक्षक**—यदि दिनको परिमाण पचास हजार वर्ष हो भने पचास हजार वर्षकै रात्रि किन भएन? यदि त्यति ठूलो रात छैन भने त्यति ठूलो दिन पनि हुनसक्तैन। खुदा, फरिश्ताहरू र कर्मपत्रवाला के पचास हजार वर्षसम्म उभिइरहनेछन्, बसिराख्नेछन् अथवा व्यूँझिरहनेछन्? यदि यसो हो भने सबै रोगी भएर मर्ने नै छन्। के कबरहरूबाट निस्केर खुदाको अदालततर्फ दगुर्नेछन्? कबरहरूमा तीकहाँ तारीख (आउने आदेशपत्र) कसरी पुग्नेछन्? पुण्यात्मा वा पापात्मा ती विचराहरूलाई यतिको समयसम्म सबैलाई कबरभित्रै दौडासुपुर्द (कयामतसम्म कबरभित्रै प्रतीक्षा गर्नुपर्ने अवस्था) कैद किन राखेको? अनि हिजोआज खुदाको अदालत बन्द हुँदो हो र खुदा तथा फरिश्ताहरू निकम्मा भएर बसेका होलान् अथवा के काम गर्दाहुन्? आ-आफ्ना ठाउँमा बसेर यताउति घुम्ने, सुत्ने, नाच-तमाशा हेर्ने वा ऐश-आराम गर्ने गर्दाहुन्। यस्तो अन्धेर कसैको राज्यमा नहोला। जङ्गलीहरूबाहेक यस्ता यस्ता कुरालाई अरू कसले मान्नेछ र?॥ १४८ ॥

१४९. निश्चय नै तिमीलाई अनेक किसिमले उत्पन्न गरेको छ॥ अल्लाहले तल माथि सातओटा आकाशलाई कसरी उत्पन्न गर्‍यो भन्ने कुरा के तिमीले देखेनौ?॥ तथा उनका बीचमा चन्द्रमालाई प्रकाशक र सूर्यलाई दीपक बनायो॥ —मं० ७। सि० २९। सू० ९१। आ० १४-१६॥

**समीक्षक**—यदि जीवहरूलाई खुदाले उत्पन्न गरेको हो भने ती नित्य, अमर कहिल्यै रहनसक्तैनन्। अनि बहिश्तमा सधैं कसरी रहनसक्नेछन्? उत्पन्न भएको वस्तु अवश्य नष्ट हुने गर्दछ। आकाशलाई तलमाथि कसरी बनाउन सक्तछ? किनकि त्यो त निराकार र विभु (व्यापक) पदार्थ हो? यदि अर्कै वस्तुको नाम आकाश राख्तछौ भने पनि त्यसको नाम आकाश राख्नु व्यर्थै छ। यदि तलमाथि आकाशहरूलाई बनाइेको हो भने ती सबका बीचमा चन्द्र सूर्य कहिल्यै रहनसक्तैनन्। बीचमा राखिएमा एउटा माथिको र एउटा तलको पदार्थ प्रकाशित हुन्छ। (माथि वा तलका) दोस्रो देखि सबैमा अन्धकारै हुनुपर्दछ। यस्तो देखिंदैन, अतः यो कुरा सर्वथा मिथ्या हो॥ १४९ ॥

१५०. मस्जिदहरू अल्लाहकै लागि हुन्, अल्लाहसँग अरू कसैलाई नपुकार॥ —मं० ७। सि० २९। सू० ७२। आ० १८॥

**समीक्षक**—यो कुरा सत्य हो भने मुसलमानहरू '**लाइलाह इल्लिलाः मुहम्मदर्रसूलल्लाः**' यस कलमा (मूलमन्त्र) मा मुहम्मद साहेबलाई किन पुकार्दछन्? यो कुरा कुरानको विरुद्ध छ। अनि जो



विरुद्ध गर्दैनन्, ती यस कुरानको कुरालाई झूटो बनाउँदछन्। जब मस्जिदहरू खुदाको धेरैका (निजी) हुन् भने मुसलमान महाबुत्परस्त भए। किनकि पुरानी-जैनीहरू सानातिना मूर्त्तिलाई ईश्वरको घर मान्नाले बुत्परस्त=मूर्त्तिपूजक भएजस्तै यिनीहरू चाहिं (बुत्परस्त) किन होइनन्?॥ १५० ॥

१५१. सूर्य र चन्द्रलाई एकत्र पारिनेछ॥

—मं० ७। सि० २९। सू० ७५। आ० ९॥

**समीक्षक**—आखिर सूर्य र चन्द्र पनि के कहिल्यै एकै ठाउँमा जम्मा हुनसक्तछन्? हेर, यो कति नासमझीको कुरो हो? अनि सूर्य्य र चन्द्रलाई नै जम्मा पार्नुको के प्रयोजन थियो? अन्य सबै लोकहरूलाई चाहिं जम्मा नपार्नमा कुन युक्ति छ? के यस्ता असम्भव कुरा कहिल्यै परमेश्वरकृत हुन सक्दछन्? यस्ता कुरा अविद्वान् व्यक्ति बाहेक अरू कुनै विद्वान् व्यक्तिका पनि हुँदैनन्॥ १५१ ॥

१५२. सधैं रहने केटाहरू उनको माथि फिर्नेछन्, तैंले उनलाई देख्ता तँ उनलाई छरिएका मोती भन्ठान्नेछस्॥ तथा उनलाई चाँदीका बाला लगाइने छ र उनको मालिक (रब) उनलाई पवित्र रक्सी पिलाउनेछ॥ —मं० ७। सि० २९। सू० ७६। आ० १९,२१॥

**समीक्षक**—के हँ! मोती जस्तै वर्णका केटा त्यहाँ किन राखिन्छन्? के जवान व्यक्ति सेवा वा स्त्रीहरू उनलाई तृप्त गर्न सक्तैनन्? कत्रो आश्चर्यको कुरा छ कि दुष्टहरूले केटाहरूसँग यो अति नै गलत कर्म गर्नमा यो कुरानको वचन मूल कारण बनेको छ! तथा बहिश्तमा स्वामी-सेवकभाव हुनाले स्वामीलाई आनन्द र सेवकलाई परिश्रम हुनाले दुःख तथा पक्षपात किन छ? अनि जब खुदा नै मद्य पिलाउने छ भने ऊ पनि उनको सेवक सरह नै ठहर्नेछ। अनि खुदाको बडप्पन कसरी रहनसक्नेछ? अर्को कुरा, त्यहाँ बहिश्तमा स्त्री-पुरुषको समागम र गर्भस्थिति तथा बालबच्चा पनि हुन्छन् कि हुँदैनन्? हुँदैनन् भने उनीहरूले विषयसेवन गर्नु व्यर्थै भयो, अनि हुन्छन् भने ती जीव कहाँबाट आए? तथा खुदाको सेवा बेगर नै बहिश्तमा किन जन्मे? यदि जन्मे भने उनलाई त खुदाको भक्ति नगरिकनै र ईमान नल्याइकनै सित्तैमा बहिश्त प्राप्त भयो। कुनै विचराले चाहिं ईमान ल्याउनु पर्ने र कुनैलाई भने धर्म बिना नै सुख मिल्ने? यो भन्दा ठूलो अन्याय अरू कुन चाहिं होला?॥ १५२ ॥

१५३. कर्मानुसार फल दिइनेछन्॥ तथा भरिभराउ प्याला छन्॥

जुन दिन रुह=आत्मा र फरिश्ताहरू पंक्तिवद्ध भएर उभिनेछन्॥

—मं० ७। सि० ३०। सू० ७८। आ० २६,३४,३८॥

**समीक्षक**—यदि कर्मानुसार फल दिइने भएको भए बहिश्तमा सधैं रहने हूर=अप्सराहरू, फरिश्ताहरू र मोतीजस्ता केटाहरूलाई कुन कर्म अनुसार सदाका लागि बहिश्त प्राप्त भयो? जब प्याला भरी-भरी रक्सी पिउनेछन् भने उन्मत्त भएर किन लड्ने छैनन् र? यहाँ रूह सबै फरिश्ताहरूभन्दा ठूलो एउटा फरिश्ताको नाम हो। खुदा रूह र अरू फरिश्ताहरूलाई पंक्तिबद्ध उभ्याएर के पल्टन बाँध्नेछ? के पल्टनबाट सबै जीवहरूलाई सजाय दिलाउनेछ? तथा त्यसबखत खुदा उभिरहनेछ वा बस्नेछ? खुदाले कयामतसम्म आफ्नो सम्पूर्ण पल्टन जम्मा पारेर शैतानलाई समातेमा उसको राज्य निष्कण्टक हुने थियो। यसैको नाम खुदाई=ईश्वरत्व हो!!!॥१५३॥

१५४. जबकि सूर्यलाई बेरिने छ। तथा जबकि तारा धमिलिने छन्॥ तथा जबकि पहाड हल्लाइनेछन्॥ तथा जब ाकाशको छाला उतारिनेछ॥ —मं० ७। सि० ३०। सू० ८१। आ० १,३,११॥

**समीक्षक**—यो कति ठूलो बेसमझीको कुरा हो कि बाटुलो सूर्यलोकलाई बेह्रिनेछ? अनि तारा कसरी धमिला हुनेछन्? तथा पहाड जड हुनाले कसरी हिंड्नेछन्? अनि आकाशलाई के कुनै पशु सम्झेको छ र उसको छाला उतारिने? यो अत्यन्तै बेसमझो र जङ्गलीपनको कुरा हो॥१५४॥

१५५. तथा जबकि आकाश फाट्नेछ॥ तथा जब तारा झर्नेछन्॥ र जब खोला चिरिनेछन्॥ र जब कबरहरूलाई व्यूँताएर उठाइने छ॥

—मं० ७। सि० ३। सू० ८२। आ० १-४॥

**समीक्षक**—वा: ! कुरान बनाउने फिलासफर!! आकाशलाई कसरी फटाउन (च्यात्न) सक्नेछस्? र तारालाई कसरी झार्न सक्नेछस्? अनि खोला के काठ-दाउरा हो र त्यसलाई चिर्नेछस्? अनि कबर के मुर्दा हुन् र व्यूँताउन सक्नेछस्? यी सबै केटाकेटीका जस्तै कुरा हुन्॥१५५॥

१५६. गुम्बज (बुर्ज) भएको आकाशको कसम छ॥ तर त्यो कुरान ठूलो छ॥ फलामको बीचमा सुरक्षित॥

—मं० ७। सि० ३०। सू० ८५। आ० १,२१,२२॥

**समीक्षक**—यस कुरान बनाउनेले भूगोल-खगोल केही पनि पढेको रहेनछ॥ नत्र भने आकाशलाई किल्ला जस्तै गुम्बजयुक्त किन भन्दथ्यो? यदि मेष आदि राशिलाई बुर्ज (गुम्बज) भन्दछ भने अरू बुर्ज किन



होइनन्? यसकारण यी बुर्ज=गुम्बज होइनन्, यी त सबै तारा-लोक हुन्। के त्यो कुरान खुदासँग छ? यदि यो कुरान उसले बनाएको हो भने त्यो पनि विद्या र युक्ति विरुद्ध धेरै अविद्याले भरिएको होला॥१५६॥

१५७. निश्चयनै ती मकर (ठगी?) गर्दछन् एउटा मकर॥ र म पनि मकर गर्दछु, एउटा मकर॥

—मं० ७। सि० ३०। सू० ८६। आ० १५,१६॥

**समीक्षक**—ठगीलाई मकर भनिन्छ। के खुदा पनि ठग हो? अनि के चोरीको जवाफ चोरी र झूटको जवाफ झूट नै हो? के कुनै चोरले कुनै भलादमीको घरमा चोरी गरेमा के भलादमीले पनि उसको घरमा गएर चोरी गर्नु उचित हुन्छ? वा: जी वा! कुरान बनाउने!!!॥१५७॥

१५८. तथा जब तेरो मालिक र पंक्तिबद्ध फरिश्ताहरू आउनेछन्॥ ता त्यस दिन दोजखलाई ल्याइने छ॥

—मं० ७। सि० ३०। सू० ८९। आ० २२,२३॥

**समीक्षक**—ल भन त, थानेदार वा सेनाध्यक्षले आफ्नो सेनालाई लिएर पंक्तिबद्ध गरेर लिई हिंडेजस्तै यिनको खुदा हो? के दोजखलाई धैंटो जस्तै ठानेको छ र त्यसलाई चाहेजता लैजान्छ? यदि यति सानो छ भने त्यसमा असंख्य कैदी कसरी अटाउन सक्नेछन्?॥१५८॥

१५९. खुदाको पैगम्बरले उनलाई भनेको थियो कि खुदाको (पोथी) ऊँटको रक्षा गर, तथा उसलाई पानी पिलाउनू॥ त्यसलाई बेवास्ता गर्‍यो=भने अनुसार गरेन, उनका=रबमालिकले उसका गोडा काट्यो, तीमाथि मरी (रोगविशेष) हाल्यो॥

—मं० ७। सि० ३०। सू० ९१। आ० १३,१४॥

**समीक्षक**—के खुदा पनि पोथी उँटमा चढेर सैर-सपाटा गर्ने गर्दथ्यो? नत्र केका लागि राख्यो? अनि कयामतविना नै आफ्नो नियम भंग गरेर ती माथि मरी रोग किन हाल्यो? यदि रोग हाल्यो भने उनलाई दण्ड दियो। अनि कयामतको रातमा न्याय र त्यो रात हुने कुरा झूटो सम्झिइने छ। यो ऊँट (पोथी) को लेखबाट के अनुमान हुन्छ भने अरबदेशमा ऊँटहरू बाहेक अन्य सवारी साधन कमै हुन्छन्। यसैबाट सिद्ध हुन्छ कि कुरान कुनै अरबदेशवासीले बनाएको हो॥१५९॥

१६०. यसरी जो रुक्ने छैन, त्यसलाई हामी अवश्य नै निधार र कपालका साथ घिच्याउनेछौं॥ त्यो निधार झूटो र अपराधी छ॥ हामी

दोजखको फरिश्ताहरूलाई बोलाउनेछौं ॥

—मं० ७। सि० ३०। सू० ९६। आ० १५,१६,१८॥

**समीक्षक**—यो खुदा सेवक–चपरासीले गर्ने निम्नस्तरीय घिच्याउने काम गर्नबाट पनि बचेन? आखिर जीव बाहेक के कहिल्यै निधार पनि झूटो र अपराधी हुनसक्तछ? झ्यालखानाको हाकिमलाई जस्तै बोलाउने यो पनि के गहिल्यै खुदा हुनसक्तछ?॥ १६०॥

१६१. निश्चय नै हामीले कदर (?) को रातमा, कुरानलाई उतार्‍यौं॥ तथा कदरको रात के हो भन्ने कुरा तँलाई के थाहा? आफ्ना मालिकको आज्ञाका साथ हरकामका लागि उसमा फरिश्ता र पवित्रात्माहरू उत्रन्छन्॥

—मं० ७। सि० ३०। सू० ९७। आ० १,२,४॥

**समीक्षक**—यदि एउटै रातमा कुरान उतारिएको हो भने त्यो आयत अर्थात् 'त्यसबखत उत्रियो र विस्तार विस्तार उतारियो' भन्ने कुरा कसरी सत्य हुनसक्नेछ? अनि रात अँध्यारो छ, यसमा सोध्नुपर्ने के कुरा छ र? हामीले लेखिसक्यौं कि तल–माथि केही पनि हुनसक्दैन। यहाँ भने 'फरिश्ता र पवित्रतात्माहरू खुदाको आज्ञाले संसारको प्रबन्ध गर्नका लागि आउँदछन्' भन्ने कुरा लेख्दछन्। यसबाट 'खुदा मनुष्य जस्तै एकदेशी छ' भन्ने स्पष्ट हुन्छ। अहिले सम्म खुदा, फरिश्ता र पैगम्बर यी तीनको मात्र कथा देखिएको थियो, तर अब चौथो पवित्रात्मा पनि आइपुग्यो। न जाने यो पवित्रात्मा के हो? यो त पिता, पुत्र र पवित्रात्मा मान्ने ईसाईहरूको मत भन्दा पनि चौथो बड्यो। यदि 'हामी यी तिनैलाई खुदा मान्दैनौं' भन्छौ भने यसो पनि हुनसक्ला। तर यदि पवित्रात्मा छुट्टै छ भने खुदा, रिश्ता र पैगम्बरलाई पवित्रात्मा भन्नु उचित हुन्छ वा हुँदैन? यदि पवित्रात्मा छन् भने एउटैको नाम पवित्रात्मा किन? तथा घोडा आदि जनावर, रात–दिन र कुरान आदिको खुदा कसम खान्छ। कसम खानु भलादमी व्यक्तिको काम होइन॥ १६१॥

यस कुरानको विषयमा लेखेर अब बुद्धिमानहरू सम्मुख 'यो पुस्तक कस्तो छ?' भन्ने कुरा प्रस्तुत गर्दछु। मसँग सोध्ने हो भने यो किताब न त ईश्वरकृत, न विद्वानले बनाएको र न विद्याको पुस्तक नै हुनसक्तछ। यो त थोरै दोष 'मानिसहरूले धोकामा परेर आफ्नो जन्म व्यर्थै न गुमाऊन्' भन्ने उद्देश्यले प्रस्तुत गरिएको हो। यसमा जे केही थोरै सत्य छ, त्यो वेदादि विद्या पुस्तकहरूको अनुकूल हुनाले जसरी मलाई ग्राह्य छ त्यस्तै अरू पनि मतमतान्तरका हठ र पक्षपातरहित



विद्वानहरू तथा बुद्धिमानहरूलाई ग्राह्य हुन्छ। यस बाहेक यसमा जे छ त्यो सबै अविद्या, भ्रमजाल र मानिसको आत्मालाई पशुजस्तै बनाएर, शान्तिभंग गराएर, उपद्रव मच्चाएर, मानिसहरूमा विद्रोह फैलाएर, एक अर्काको दुःखलाई बढाउने विषय छ तथा कुरानलाई पुनरुक्त दोषको त भण्डारै सम्झे हुन्छ॥ परमात्मा सबै मनुष्यमाथि कृपा गरोस्, जसबाट सबै सँग सबैले प्रीति र परस्पर मेल–मिलाप बढाएर सबै एक अर्काको सुखलाई बढा उनमा लागिरहून्। जसरी म पक्षपातरहित भएर आफ्ना अथवा अरूका मतमतान्तरहरूका दोषलाई प्रकाशित गर्दछु, यस्तै सबै विद्वानहरूले गरेमा परस्परको विरोध छूटेर, मेल–मिलाप भएर आनन्दपूर्वक एउटै मतावलम्बी भएर सत्यको प्राप्ति सिद्ध हुनमा केही कठिनाइ छैन। कुरानको बारेमा यो थोरै लेखियो। बुद्धिमान धार्मिक जनले यसलाई ग्रन्थकारको अभिप्रायलाई सम्झेर लाभ उठाऊन्। यदि कतै भ्रमले अन्यथा लेखिन गएको भए त्यसलाई शुद्ध गर्नुहोला॥

अब एउटा कुरा के बाँकी रह्यो भने धेरैजसो मुसलमान 'होम्रो मतको कुरा अथर्ववेदमा लेखिएको छ' भन्ने, लेख्ने अथवा छपाउने गर्दछन्। वास्तवमा अथर्ववेदमा यस–कुराको नाम–निशान केही छैन।

**प्रश्न**—के तिमीले अथर्ववेद हेरेका छौ? देखेका छौ भने अल्लोपनिषद् हेर। यो साक्षात् त्यसैमा (अथर्ववेद) लेखिएको छ। अनि किन 'अथर्ववेदमा मुसलमानहरूको नाम–निशान छैन' भन्दछौ?

## अथाल्लोपनिषदं व्याख्यास्यामः

**अस्माल्लां इल्ले मित्रावरुणा दिव्यानि धत्ते। झल्लल्ले वरुणो राजा पुनर्द्दुः। हया मित्रो इल्लां इल्लल्ले इल्लां वरुणो मित्रस्तेजस्कामः॥ १॥ होतारमिन्द्रो होतारमिन्द्र महासुरिन्द्राः। अल्लो ज्येष्ठं श्रेष्ठं परमं पूर्णं ब्रह्माणं अल्लाम्॥ २॥ अल्लोरसूल–महामदरकबरस्य अल्लो अल्लाम्॥ ३॥ आदल्लाबूकमेककम्। अल्लाबूक निखातकम्॥ ४॥ अल्लो यज्ञन हुतहुत्वा। अल्ला सूर्य्य–चन्द्रसर्वनक्षत्राः॥ ५॥ अल्ला ऋषीणां सर्वं दिव्यां इन्द्राय पूर्व माया परममन्तरिक्षाः॥ ६॥ अल्लः पृथिव्या अन्तरिक्षं विश्वरूपम्॥ ७॥ इल्लाँ कबर इल्लाँ कबर इल्लाँ इल्लल्लेति इल्लल्लाः॥ ८॥ ओम् अल्लाइल्लल्ला अनादिस्वरूपाय अथर्वणा श्यामा हुं ह्रीं जनान–पशूनसिद्धान् जलचरान् अदृष्टं कुरु कुरु फट्॥ ९॥ असुरसंहारिणी हुं ह्रीं अल्लोरसूलमहमदर–कबरस्य अल्लो अल्लाम् इल्लल्लेति**

इल्लल्लाः ॥ १० ॥

**इत्यल्लोपनिषत् समाप्ता ॥**

यसमा प्रत्यक्ष मुहम्मद साहेब रसूल लेखेकोले यसबाट 'मुसलमानहरूको मत वेदमूलक हो' भन्ने कुरा सिद्ध हुन्छ।

**उत्तर**—यदि तिमीले अथर्ववेद देखेका छैनौ भने हामीकहाँ आऊ। आरम्भ देखि अन्त सम्म हेर। अथवा कुनैपनि अथर्ववेदीका समीप गएर बीस काण्डयुक्त अथर्ववेदको मन्त्र संहितालाई हेर। कतै पनि तिम्रा पैगम्बर साहेबको नाम वा मतको चिह्न फेला पार्न सक्नेछैनौ। अनि यो अल्लोपनिषद्, न त अथर्ववेदमा, न उसको गोपथ ब्राह्मणमा र न कुनै शाखामा नै छ। यो त बादशाह अकबरको समयमा कसैले बनाएको प्रतीत हुन्छ। यसलाई बनाउनेले केही अरबी र केही संस्कृत पनि पढेको जस्तो लाग्दछ। किनकि यसमा अरबी र संस्कृतका पद लेखिएका देखिन्छन्। हेर, दश खण्डमा लेखिएको 'अस्माल्लां इल्ले मित्रावरुणा दिव्यानि धत्ते' इत्यादिमा 'अस्माल्लां' र 'इल्ले' अरबी तथा 'मित्रावरुणा दिव्यानि धत्ते' यो संस्कृतको पद छ। त्यस्तै सर्वत्र देखिनाले कुनै संस्कृत र अरबी पढेकाले बनाएको हो। यसको अर्थ हेर्दा यो कृत्रिम अयुक्त वेद र व्याकरणको रीतिको विरुद्ध छ। जस्तो यो उपनिषद् बनाइएको छ, त्यस्तै धेरैजसो उपनिषदहरू मतमतान्तरका पक्षपातीहरूले बनाएका छन्। जस्तै स्वरोपोनिषद्, नृसिंहतापनी, रामतापनी, गोपालतापनी आदि धेरै बनाइएका छन्।

**प्रश्न**—आज सम्म कसैले यसो भनेको थिएन, आज तिमी भन्दैछौ। हामी तिम्रो कुरा कसरी मानौं ?

**उत्तर**—तिमीले मान्नाले वा नमान्नाले हाम्रो कुरा झूटो हुनसक्तैन। जसरी मैले यसलाई गलत ठहराएको छु त्यसैगरी तिमीले तिमीले अथर्ववेद, गोपथ वा यसका शाखाहरूबाट प्राचीन लिखित पुस्तकहरूमा जस्ताको त्यस्तै लेख देखाऊ तथा अर्थसंगतिद्वारा पनि शुद्ध गर, अनि मात्र प्रमाणयुक्त हुनसक्तछ।

**प्रश्न**—हेर, सबै किसिमको सुख र अन्त्यमा मुक्ति प्राप्त हुने हाम्रो मत कति राम्रो छ ?

**उत्तर**—आ-आफ्ना मतावलम्बी सबै नै यस्तै भन्ने गर्दछन् कि 'हाम्रो मत असल छ र अरू सबै खराब छन्। हाम्रो मत बाहेक अरू मतमा मुक्ति हुनसक्दैन'। अब हामी तिम्रो कुरालाई सच्चा मानौं अथवा उनका कुरालाई ठीक सम्झौं ?



हामी त के मान्दछौं भने सत्य बोल्नु, अहिंसा, दया आदि शुभगुण सबै मतहरूमा असल छन् तथा बाँकी वाद-विवाद, ईर्ष्या-द्वेष, मिथ्याभाषण आदि कर्म सबै मतमा खराब छन्। यदि तिमीलाई सत्य मत ग्रहण गर्ने इच्छा छ भने वैदिक मतलाई ग्रहण गर॥

यस पछि संक्षेपमा 'स्वमन्तव्यामन्तव्यप्रकाश' लेखिने छ॥

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते**
**सत्यार्थप्रकाशे सुभाषाविभुषिते यवनमतविषये**
**चतुर्दशः समुल्लासः सम्पूर्णः ॥ १४ ॥**

# स्वमन्तव्यामन्तव्यप्रकाशः

'सर्वतन्त्र सिद्धान्त' अर्थात् साम्राज्य सार्वजनिक धर्मलाई सदैव सबैले मान्दै आए, मान्दैछन् र मान्नेछन् पनि। यसैकारण जुन धर्मको विरोधी कोही पनि हुन नसकोस्, त्यसलाई सनातन नित्य धर्म भनिन्छ। अविद्यायुक्त व्यक्ति अथवा कुनै मतावलम्बीद्वारा भ्रमित व्यक्ति जुनकुरालाई जान्दछन् वा मान्दछन्, त्यसलाई कुनै पनि बुद्धिमान्‌ले स्वीकार गर्दैन। तर आप्त अर्थात् सत्य मान्ने, सत्य बोल्ने, सत्य गर्ने, परोपकारी, निष्पक्ष विद्वानहरूले मानेका कुरा नै सबैले मान्न योग्य हुनाले प्रमाण योग्य हुन्छन् भने (उक्तानुसारको विद्वान्‌ले) नमानेका कुरा मान्न अनुचित हुनाले प्रमाण योग्य हुँदैनन्। अब वेद आदि सत्य शास्त्र र ब्रह्मादेखि जैमिनिमुनिसम्मले मानेका र मैले पनि स्वीकार गरेका ईश्वर आदि पदार्थवारे शबै सज्जन महाशयहरू समक्ष विचार प्रस्तुत गर्दछु।

जो तीनकालमा सबैले एकसमान मान्न योग्य छ, त्यसैलाई म आफ्नो मन्तव्य सम्झन्छु। कुनै नयाँ कल्पना वा मतमतान्तर चलाउने लेशमात्र पनि मेरो उद्देश्य वा प्रयोजन होइन, तर सत्यलाई मान्नु र मान्न लगाउनु तथा असत्यलाई छोड्नु र छोड्न लगाउनु मेरो हार्दिक प्रयोजन हो। पक्षपात गर्ने भएको भए म पनि आर्यावर्त्तमा रहेका-चलेका मतहरू मध्ये कुनै एउटाको समर्थक हुनेथिएँ, तर आर्य्यावर्त्त अथवा अरू देशमा रहेका अधर्मयुक्त चाल-चलनलाई स्वीकार र धर्मयुक्त कुराको त्याग गर्दिन र गर्न पनि चाहन्न किनकि यसो गर्नु मनुष्यता होइन।

मननशील भएर आफ्नो आत्माजस्तै अरूका सुख-दु:ख र हानि-लाभलाई सम्झनेलाई नै मनुष्य भन्नुपर्दछ। अन्यायकारी बलवान्‌देखि पनि डर्नु हुँदैन र धर्मात्मा निर्बलदेखि पनि डर्नु पर्दछ। यति मात्र होइन, महा-अनाथ, निर्बल र गुणरहित पनि धर्मात्मा व्यक्तिको रक्षा, उन्नति, प्रिय-आचरण तथा चक्रवर्ती, सनाथ, महाबलवान् र गुणवान् पनि अधर्मीको नाश, अवनति र अप्रिय-आचरण आफ्नो सम्पूर्ण सामर्थ्यले सदा गर्ने गर्नुपर्दछ। अर्थात् सकभर अन्यायकारीहरूको बलको हानि र न्यायकारीहरूको बलको उन्नति सर्वथा गर्नेगर्नुपर्दछ। यस काममा उसलाई जतिसुकै दारुण=कठोर दु:ख प्राप्त भए पनि, प्राणै गएपनि यस मनुष्यतारूपी धर्मदेखि कहिल्यै विचलित हुनुहुँदैन। यसवारे श्रीमान् महाराजा भर्तृहरि आदिले भनेका श्लोकहरू यहाँ लेख्न उपयुक्त सम्झेर



लेख्तछु—

**निन्दन्तु नीतिनिपुणाः यदि वा स्तुवन्तु,**
**लक्ष्मीः समाविशतु गच्छतु वा यथेष्टम्।**
**अद्यैव वा मरणमस्तु युगान्तरे वा,**
**न्याय्यात् पथः प्रविचलन्तु पदं न धीराः॥ १ ॥**

—भर्तृहरि नी० श० ८४॥

**न जातु कामान्न भयान्न लोभाद्, धर्मं त्यजेज्जीवितस्यापि हेतोः।**
**धर्मो नित्यः सुख-दुःखेत्वनित्ये, जीवो नित्यो हेतुरस्य त्वनित्यः॥ २ ॥**

—महाभारत, उ० प० ४०।११,१२॥

**एक एव सुहृद्धर्मो निधनेऽप्यनुयाति यः।**
**शरीरेण समं नाशं सर्वमन्यत्तु गच्छति॥ ३ ॥**

—मनुस्मृति ८।१७॥

**सत्यमेव जयते नानृतं, सत्येन पन्था विततो देवयानः।**
**यनाऽऽक्रमन्त्यृषयो ह्याप्तकामा, यत्र तत्सत्यस्य परमं निधानम्॥ ४ ॥**

—मुण्डकोपनिषद् ३।१।६॥

**न हि सत्यात्परो धर्मो, नानृतात्पातकं परम्।**
**न हि सत्यात्परं ज्ञानं तस्मात्सत्यं समाचरेत्॥ ५ ॥**

—उपनिषद्॥

यिनै महाशयहरूका श्लोकहरूको अभिप्रायको अनुकूल सबैले निश्चय राख्नु उचित हुन्छ। अब म जुन-जुन पदार्थलाई जस्तो-जस्तो मान्दछु, तिनको संक्षेपमा यहाँ वर्णन गर्दछु। यिनको विशेष व्याख्या यस ग्रन्थमा आ-आफ्ना प्रकरणमा गरेकै छ। यिनमा—

१. पहिलो 'ईश्वर', जसका ब्रह्म, परमात्मा आदि नाम छन्, जो सच्चिदानन्द आदि लक्षणयुक्त छ, जसका गुण-कर्म-स्वभाव पवित्र छन्, जो सर्वज्ञ, निराकार, सर्वव्यापक, अजन्मा, अनन्त, सर्वशक्तिमान्, दयालु, न्यायकारी, सम्पूर्ण सृष्टिको कर्त्ता, धर्त्ता, हर्त्ता, सबै जीवहरूलाई कर्मानुसार सत्य न्यायपूर्वक फलदाता आदि लक्षणयुक्त छ, त्यसैलाई 'परमेश्वर' मान्दछु।
२. चारै 'वेद' (अर्थात् विद्या-धर्मयुक्त ईश्वर प्रणीत संहिता मन्त्रभाग) लाई निर्भ्रान्त, स्वत:प्रमाण मान्दछु। ती स्वतः प्रमाण छन् र उनको प्रमाण हुनमा कुनै अन्य ग्रन्थको अपेक्षा छैन। जसरी सूर्य वा दीपक आफ्ना स्वरूपलाई आफैं प्रकाशित गर्नुको साथै पृथ्वी आदिलाई पनि प्रकाशित गर्दछन्, त्यस्तै

चारै वेद हुन्। अनि वेदका व्याख्यारूप ब्रह्मा आदि महर्षिहरूले बनाएका चारै वेदका ब्राह्मण, छः अङ्ग, छ उपाङ्ग, चार उपवेद र वेदका ११२७ (एघार सय सत्ताईस) शाखाग्रन्थलाई परतःप्रमाण अर्थात् वेदको अनुकूल हुनाले प्रमाण र यिनमा भएका वेदविरुद्ध वचनलाई अप्रमाण मान्दछु।

३. पक्षपातरहित, न्यायाचरण, सत्यभाषण आदि युक्त ईश्वराज्ञा, वेदानुकूल (व्यवहार) लाई 'धर्म' र पक्षपातसहित, अन्याय आचरण, मिथ्याभाषण आदि ईश्वरको आज्ञा भङ्ग, वेदविरुद्धलाई 'अधर्म' मान्दछु।

४. इच्छा, द्वेष, सुख, र ज्ञानादि गुणयुक्त अल्पज्ञ नित्यलाई 'जीव' मान्दछु।

५. 'जीव र ईश्वर' स्वरूप र वैधर्म्यले भिन्न तथा व्याप्य–व्यापक र साधर्म्यले अभिन्न छन्। अर्थात् जसरी मूर्त्तिमान् द्रव्य न त कहिल्यै आकाशभन्दा भिन्नै थियो, न छ, न हुनेछ र न त कहिल्यै एउटै थियो, न छ, न हुनेछ, त्यस्तै परमेश्वर र जीवलाई व्याप्य–व्यापक, उपास्य–उपासक र पिता–पुत्र आदि सम्बन्धयुक्त मान्दछु।

६. 'अनादि पदार्थ' तीन छन्। पहिलो ईश्वर, दोस्रो जीव, तेस्रो प्रकृति अर्थात् जगत्को कारण। यिनैलाई नित्य पनि भनिन्छ। नित्यपदार्थका गुण, कर्म, स्वभाव पनि नित्य हुन्छन्।

७. 'प्रवाहले अनादि' संयोगले उत्पन्न भएका द्रव्य, गुण, कर्म वियोग पछि रहँदैनन्, तर उनमा 'पहिलो संयोग हुने सामर्थ्य' अनादि छ र त्यसबाट फेरि पनि संयोग हुनेछ र वियोग पनि हुनेछ। यी तिनैलाई (संयोग, वियोग र सामर्थ्य) प्रवाहले अनादि मान्दछु।

८. 'सृष्टि' ज्ञान र युक्तिपूर्वक छुट्टै द्रव्यहरूको मेल भएर अनेकरूप बन्नुलाई सृष्टि भनिन्छ।

९. 'सृष्टिको प्रयोजन' ईश्वरका सृष्टिनिमित्त गुण, कर्म, स्वभावको सफलता नै 'सृष्टिको प्रयोजन' हो। कसैले कसैसँग 'आँखा केका लागि?' भनी सोद्धा 'हेर्न' भनी जवाफ दिए झैं ईश्वरको सृष्टि गर्ने सामर्थ्यको सफलता सृष्टि गर्नमा नै छ तथा जीवका कर्मको यथावत् भोग गराउनु पनि (प्रयोजन हो)।



१०. 'सृष्टि सकर्तृक' छ। यसको कर्त्ता पूर्वोक्त ईश्वर हो। सृष्टिको रचना हेर्दार जड् पदार्थमा आफैं नै यथायोग्य बिउ आदि स्वरूप बन्ने सामर्थ्य न हुनाले सृष्टिको कर्त्ता अवश्य छ।

११. 'बन्ध' सनिमित्तक हुन्छ अर्थात् अविद्याका कारण हुन्छ। ईश्वर बाहेक अरूको उपासना र अज्ञान आदि दुःख फल दायक पापकर्मका कारण यो नचाहेर पनि भोग्नु पर्ने 'बन्ध' हुन्छ।

१२. 'मुक्ति' सबै दुःखबाट छुटेर बन्धनरहित सर्वव्यापक ईश्वर र उसको सृष्टिमा स्वेच्छापूर्वक विचरण गर्नु र निश्चित समयसम्म मुक्तिको आनन्दलाई भोगेर पुनः संसारमा आउनु (लाई मुक्ति भनिन्छ)।

१३. 'मुक्तिका साधन' ईश्वरोपासना अर्थात् योगाभ्यास, धर्मको अनुष्ठान, ब्रह्मचर्यपूर्वक विद्या प्राप्ति, आप्त विद्वान्हरूको संगत, सत्यविद्या, सुविचार र पुरुषार्थ आदि हुन्।

१४. 'अर्थ' त्यो हो कि जो धर्मद्वारा नै प्राप्त गरिन्छ तथा अधर्मबाट सिद्ध गरिएकोलाई 'अनर्थ' भनिन्छ।

१५. 'काम' त्यो हो, जो धर्म र अर्थद्वारा प्राप्त गरिन्छ।

१६. 'वर्णाश्रम' गुण–कर्मको योग्यता अनुसार मान्दछु।

१७. 'राजा' शुभ गुण–कर्म–स्वभाव सम्पन्न, पक्षपातरहित न्याय धर्मको सेवन गर्ने, प्रजामा पितृतुल्य व्यवहार गर्ने र उनलाई पुत्रवत् मानेर उनको उन्नति र सुख बढाउनमा सदा प्रयत्नशील रहनेलाई 'राजा' भनिन्छ।

१८. 'प्रजा' पवित्र गुण–कर्म–स्वभावलाई धारण गरेर पक्षपातरहित न्याय धर्मको सेवनद्वारा राजा र प्रजाको उन्नति चाहँदै राजविद्रोहरहित राजासँगै पुत्रवत् व्यवहार गर्नेलाई 'प्रजा' भनिन्छ।

१९. 'न्यायकारी' (न्यायाधीश) सदा विचारपूर्वक असत्यलाई छोडेर सत्यलाई ग्रहण गर्ने, अन्यायकारीलाई घटाउने र न्यायकारीलाई बढाउने, आफ्नो आत्माको जस्तै सबैको सुख चाहनेलाई 'न्यायकारी' भनिन्छ, त्यसलाई म पनि ठीक ठान्दछु।

२०. विद्वानहरूलाई 'देव', अविद्वान्लाई 'असुर', पापीहरूलाई 'राक्षस' र अनाचारीहरूलाई 'पिशाच' मान्दछु।

२१. तिनै विद्वान्‌हरू, माता, पिता, आचार्य, अतिथि, न्यायकारी राजा, धर्मात्मा व्यक्ति, प्रतिव्रता स्त्री र पत्नीव्रत पतिको सत्कार गर्नु 'देवपूजा' भनिन्छ। यसको विपरीत 'अदेवपूजा' हो। यिनकै मूर्त्तिहरूलाई पूज्य र अरू ढुङ्गा आदि जडमूर्त्तिहरूलाई सर्वथा अपूज्य ठान्दछु।

२२. 'शिक्षा' जसबाट विद्या, सभ्यता, धर्मात्मता, जितेन्द्रियता आदिको वृद्धि हुन्छ र अविद्या आदि दोष छुट्‌तछन्, त्यसलाई 'शिक्षा' भनिन्छ।

२३. 'पुराण' ब्रह्मा आदिले रचेका ऐतरेय आदि ब्राह्मण ग्रन्थलाई नै पुराण, इतिहास, कल्प, गाथा र नाराशंसी नामबाट मान्दछु, अरू भागवत आदिलाई मान्दिन।

२४. 'तीर्थ' सत्यभाषण, विद्या, सत्सङ्ग, यम आदि योगाभ्यास, पुरुषार्थ, विद्यादान आदि दुःखसागरबाट पार उतार्ने शुभकर्मलाई 'तीर्थ' ठान्दछु, अरू जल–स्थल आदिलाई (तीर्थ) मान्दिन।

२५. पुरुषार्थबाटै संचित प्रारब्ध बन्ने, पुरुषार्थ सुध्रनाले सबै कुरा सुध्रने र पुरुषार्थ बिग्रनाले सबै बिग्रने हुनाले 'प्रारब्धभन्दा पुरुषार्थ ठूलो' हुन्छ।

२६. 'मनुष्य' ले सुख, दुःख, हानि, लाभमा सबैसँग यथायोग्य आफ्नो आत्मा जस्तै व्यवहार गर्नु असल र यसको विपरीत आचरणलाई खराब सम्झन्छु।

२७. 'संस्कार' जसबाट शरीर, मन र आत्मा उत्तम हुन्छ, त्यसलाई संस्कार भनिन्छ। 'निषेक' देखि श्मशानसम्म सोह्र संस्कार हुन्छन्। यसलाई कर्त्तव्य ठान्दछु तथा दाह पछि मृतकका लागि केहीपनि गर्नुपर्दैन।

२८. 'यज्ञ' विद्वानहरूको सत्कार, शिल्प अर्थात् रसायन वा पदार्थ विद्याको यथायोग्य उपयोग, विद्या आदि शुभगुणहरूको दान, अग्निहोत्र आदिद्वारा वायु, वृष्टि, जल, ओषधिलाई पवित्र तुल्याएर सबै जीवलाई सुख पुर्‍याउनु नै 'यज्ञ' हो, यसलाई उत्तम ठान्दछु।

२९. श्रेष्ठ मनुष्यलाई 'आर्य' र दुष्टलाई 'दस्यु' भनिन्छ। म पनि यस्तै मान्दछु।

३०. 'आर्यावर्त्त' यस भूमिमा आदि सृष्टिदेखि आर्यहरू निवास



गर्ने हुनाले यसको नाम आर्य्यावर्त्त देश हो। यसको सीमा उत्तरमा हिमालय, दक्षिणमा विन्ध्याचल, पश्चिममा अटक र पूर्वमा ब्रह्मपुत्र नदी हो। यी चार किल्लाभित्रको ठाउँलाई आर्य्यावर्त्त भनिन्छ र सदा यसमा बस्नेहरूलाई आर्य भनिन्छ।

३१. साङ्गोपाङ्ग वेद विद्या पढाउने, सत्य आचरणलाई ग्रहण गराउने र मिथ्या आचरणलाई छुटाउनेलाई 'आचार्य' भनिन्छ।

३२. सत्य शिक्षा र विद्या ग्रहण गर्न योग्य, धर्मात्मा, विद्याग्रहणको इच्छा र आचार्यको प्रिय गर्नेलाई 'शिष्य' भनिन्छ।

३३. आमा, बावु तथा सत्यको ग्रहण गराउने र असत्यलाई छुटाउनेलाई पनि 'गुरु' भनिन्छ।

३४. यजमानको हितकारी र सत्यको उपदेशक 'पुरोहित' हुन्छ।

३५. वेदको एक भाग वा अङ्गलाई पढाउनेलाई 'उपाध्याय' भनिन्छ।

३६. धर्माचरणपूर्वक ब्रह्मचर्यद्वारा विद्याग्रहण गरेर प्रत्यक्ष आदि प्रमाणहरूद्वारा सत्य र असत्यको निर्णय गरेर सत्यलाई ग्रहण र असत्यली परित्याग गर्नु नै 'शिष्टाचार' हो र यस्तै व्यवहार गर्नेलाई 'शिष्ट' भनिन्छ।

३७. प्रत्यक्ष आदि आठ 'प्रमाण' लाई पनि मान्दछू।

३८. यथार्थ बोल्ने, धर्मात्मा र सबैको सुखका लागि प्रयत्न गर्नेलाई नै 'आप्त' मान्दछु।

३९. 'परीक्षा' पाँच प्रकारको छ। यसमा पहिलो—ईश्वर, उसका गुण, कर्म, स्वभाव र वेदविद्या, दोस्रो—प्रत्यक्ष आदि आठ प्रमाण, तेस्रो—सृष्टिक्रम, चौथो—आप्तपुरुषहरूको व्यवहार र पाँचौं—आफ्नो आत्माको पवित्रता र विद्या। यी पाँच परीक्षाद्वारा सत्य र असत्यको निर्णय गरेर सत्यलाई ग्रहण र असत्यको परित्याग गर्नुपर्दछ।

४०. सबै मनुष्यहरूका दुराचार, दुःख छुट्ने तथा श्रेष्ठाचार, सुख बढ्ने काम गर्नुलाई 'परोपकार' भनिन्छ।

४१. 'स्वतन्त्र', 'परतन्त्र' जीव आफ्ना कर्ममा स्वतन्त्र र कर्मफल भोग्नमा ईश्वरको व्यवस्थाले परतन्त्र छन्। त्यस्तै ईश्वर आफ्ना सत्याचार आदि काम गर्नमा स्वतन्त्र छ।

४२. विशेष सुखभोग र उसको सामग्री प्राप्तिलाई 'स्वर्ग' भनिन्छ।

४३. विशेष दुःखभोग र उसको सामग्री प्राप्तिलाई 'नरक' भनिन्छ।

४४. शरीर धारण गरेर प्रकट हुनुलाई 'जन्म' भनिन्छ। यो पूर्व,

पर र मध्य (वर्त्तमान) भेदले तीन प्रकारको हुन्छ भन्ने मान्दछु।

४५. शरीरको संयोगको नाम 'जन्म' हो भने वियोग मात्रलाई 'मृत्यु' भनिन्छ।

४६. नियमपूर्वक र प्रसिद्धिपूर्वक आफ्नो इच्छाले 'पाणिग्रहण' गर्नुलाई 'विवाह' भनिन्छ।

४७. विवाहपछि पति वा पत्नी मर्ने आदि वियोगावस्थामा, अथवा नपुंसकता (या बाँझोपन?) आदि असाध्य रोगहरूको अवस्थामा, स्त्री वा पुरुषद्वारा आपत्कालमा आफ्नो वर्ण वा आफूभन्दा उत्तम वर्णको स्त्री वा पुरुषबाट सन्तान उत्पन्न गर्नुलाई 'नियोग' भनिन्छ।

४८. गुणको कीर्त्तन, श्रवण र ज्ञानलाई 'स्तुति' भनिन्छ र प्रीति आदि यसको फल हो।

४९. आफ्नो सामर्थ्य पछि ईश्वरसँगको सम्बन्धले प्राप्त हुने विज्ञान आदिका लागि ईश्वरसँग याचना गर्नुलाई 'प्रार्थना' भनिन्छ। निरभिमानता आदि यसको फल हो।

५०. ईश्वरका गुण, कर्म, स्वभाव पवित्र भएजस्तै आफ्नो पनि बनाउनु, ईश्वरलाई सर्वव्यापक र आफूलाई व्याप्य सम्झेर ईश्वरका समीप आफू र आफ्नो समीप ईश्वर छ भन्ने साक्षात् निश्चय योगाभ्यासद्वारा गर्नुलाई 'उपासना' भनिन्छ। ज्ञानको उन्नति आदि यसको फल हो।

५१. **सगुणनिर्गुणस्तुतिप्रार्थनोपासना**—परमेश्वरमा भएका गुणले युक्त र नभएका देखि पृथक् मानेर ईश्वरको प्रशंसा गर्नु 'सगुणनिर्गुणस्तुति', ईश्वरबाट शुभगुणहरू ग्रहण गर्ने इच्छा र दोष छुटाउन परमात्माको सहायता चाहनु 'सगुणनिर्गुण-प्रार्थना' तथा परमात्मालाई सबै गुणयुक्त र सबै दोषरहित मानेर आफ्नो आत्मालाई उसमा र उसको आज्ञामा अर्पण गर्नु 'सगुणनिर्गुणोपासना' भनिन्छ।

यी संक्षेपमा स्वसिद्धान्त दर्शाइएका छन्। यिनको विशेष व्याख्या यसै 'सत्यार्थप्रकाश' को प्रकरण-प्रकरणमा छ तथा ऋग्वेदादिभाष्य-भूमिका आदि ग्रन्थहरूमा पनि लेखेको छ। अर्थात् सत्य बोल्नु सबैका सम्मुख असल र झूट बोल्नु खराब भएजस्तै सबैका सम्मुख मान्यकुरालाई मान्नुपर्ने सिद्धान्तलाई मान्दछु तथा मतमतान्तरमा रहेका परस्पर विरुद्ध झगड़ालाई म मन पराउँदिन; किनकि यिनै मतालम्बीहरूले आ-आफ्नो



मतको प्रचार गरेर मानिसहरूलाई फसाएर परस्पर शत्रु बनाइदिएका छन्। यस्ता कुरालाई पन्छाएर सर्वसत्यको प्रचार गरेर सबैलाई एकमतस्थ गराएर, द्वेष छुटाएर, परस्पर दृढ प्रीतियुक्त गराएर, सबैबाट सबैलाई सुखलाभ पुर्‍याउनका लागि नै यो मेरो प्रयत्न र यही उद्देश्य हो। सर्वशक्तिमान् परमात्माको कृपा, सहायता र आप्तजनहरूको सहानुभूतिले 'यो सिद्धान्त सर्वत्र भूगोलमा छिट्टै प्रवृत्त होओस्' जसबाट सबैजना सजिलैसँग धर्म्म, अर्थ, काम, मोक्षको सिद्धि प्राप्त गरेर सदा उन्नत र आनन्दित भैरहून्। यही मेरो मुख्य प्रयोजन हो।

**अलमतिविस्तरेण बुद्धिमद्वर्य्येषु**

**ओ३म् शन्नो मित्रः शं वरुणः। शन्नो भवत्वर्य्यमा।**
**शन्न इन्द्रो बृहस्पतिः। शन्नो विष्णुरुरुक्रमः॥**
**नमो ब्रह्मणे। नमस्ते वायो। त्वमेव प्रत्यक्षं ब्रह्मासि।**
**त्वामेव प्रत्यक्षं ब्रह्मावादिषम्। ऋतमवादिषम्। सत्यमवादिषम्।**
**तन्मामावीत्। तद्वक्तारमावीत्। आवीन्माम्। आवीद्वक्तारम्॥**
**ओ३म् शान्तिः शान्तिः शान्तिः॥**

**इति श्रीमत्परमहंसपरिव्राजकाचार्यर्याणां परमविदुषां श्रीविरजानन्दसरस्वतीस्वामिनां शिष्येण श्रीमद्दयानन्दसरस्वतीस्वामिना विरचितः स्वमन्तव्यामन्तव्य-सिद्धान्तसमन्वितः सुप्रमाणयुक्तः सुभाषाविभूषितः सत्यार्थप्रकाशोऽयं ग्रन्थः सम्पूर्तिमगमत्॥**

## सत्यार्थप्रकाश रचयिता, युगपुरुष

# महर्षि दयानन्द सरस्वती

आर्य जातिले आफ्नो महान् गौरव, इतिहास, परम्परा, धर्म र संस्कृतिलाई बिर्सिरहेको र अविद्यारूपी अन्धकारमा अन्याय र अभावको भंडखारो भित्र पर्दै गएको समयमा परमात्माको कृपाले सन् १८२४ ई० (सं० १८८१ वि०) मा भारतको मौरवी (गुजरात) राज्यको टंकारा नामक ठाउँमा युगप्रवर्त्तक महर्षि दयानन्दको आविर्भाव भएको थियो। उहाँको बालकपनको नाम मूलशंकर थियो भने उहाँको बुवाको नाम श्री कर्षनजी तिवारी थियो। कर्षनजी मौरवी राज्यका एक सम्पन्न र उच्च वंशका प्रतिष्ठित व्यक्ति हुनुहुन्थ्यो। सम्पन्न र प्रतिष्ठित परिवारमा परम्परागत धार्मिक संस्कार अनुसार नै मूलशंकरको पालन, पोषण र संवर्धन हुँदै गयो।

१४ वर्षको उमेरमा शिवरात्रौको अवसरमा बुवाको अज्ञानुसार व्रत धारण र रात्री जागरणमा सम्मिलित मूलशंकरले शिवमूर्तिमा चढेको र निर्भय भएर शिवजीको प्रसाद खाइरहेको मूसोलाई देख्नुभयो। रूद्र एवं त्रिशूलधारी भनिएको शिवजीको शक्तिमाथि उहाँलाई शङ्का उत्पन्न भयो र त्यही शङ्काले उहाँलाई वास्तविक ईश्वरको खोजी तर्फ प्रेरित गर्‍यो। त्यही प्रेरणाले आर्य जातिमा धार्मिक क्रान्ति र चिर निद्राबाट कोल्टो फेरेर ब्यूँझाउने काम गर्‍यो। जीवन मरण साधारण घटना भएतापनि बहिनी र काकाको मृत्युले मूलशंकरको चिन्तनधारालाई झनै प्रभावित पार्‍यो र उहाँले मृत्युञ्जय बन्ने प्रयत्न गर्नुभयो। आमा-बुवाले छोराको विवाहको विचार गरिरहेकै बेला जिज्ञासु बालकले परिवारको मोह, भौतिक सुख सम्पत्ति आदि त्यागेर उहाँ घरबाट निस्कनुभयो र आफ्नो संकल्प साधनाका लागि तथा पारिवारिक खोज तलासबाट जोगिन उहाँले दिनका दिन भोक-भोकै रूखमा चढेर र कैयौं रात ब्यूँझेरै पनि बिताउनु परेका थिए।

सत्यको खोजीमा घर छाडेर हिंड्नु भएका मूलशंकरले स्वामी पूर्णानन्दबाट संन्यास दीक्षा लिएर दयानन्द सरस्वती नाम धारण गर्नुभयो। उहाँले १५ वर्षसम्म भारतवर्षको भ्रमण गर्नुभयो। विद्वान्, तपस्वी र



योगीहरूको खोजीमा भट्किरहनु भयो। भारतको प्रायः जसो सबै तीर्थमा पुगेर ज्ञानको भोक मेटाउने प्रयास गर्नुभयो। धेरै कष्ट, भोक, तिर्खा, अपमान र संकटहरूको सामना गरेर पनि ज्ञानको प्रकाश प्राप्त गर्न सफल हुनसक्नुभएन। सर्वत्र अज्ञान, अन्धविश्वास, गुरुडम, पाखण्ड र हजारौं लाखौं मूर्तिहरू देखेर उहाँलाई ती प्रति घृणा भयो। सत्यको खजीमा हिमालयका कन्दरा र शिखरहरूमा भट्किदै संकटापन अवस्थामा शरीर त्याग गर्ने निराशाजन्य विचार मनमा आउँदा पनि पुनः 'यथार्थ ज्ञानद्वारा संसारको उपकार नगरी देहत्याग उचित होइन' भन्ने निश्चयका साथ दृढ निश्चयी आदित्य ब्रह्मचारी दयानन्दले आफ्नो यात्रा छोड्नु भएन।

सन् १८५८ मा दयानन्दलाई एक जना वृद्ध संन्यासीको दर्शन भयो। अन्धविश्वास र पाखण्ड आदिको उग्र खण्डन गर्ने उद्भट विद्वान् ती प्रज्ञाचक्षु संन्यासीलाई गुरु रूपमा प्राप्त गरेर उहाँले उहाँको चरणमा आफुलाई समर्पित गर्नुभयो। दण्डी स्वामी विरजानन्दले आफ्नो ज्ञान ज्योतिद्वारा दयानन्दको तर्क ज्योतिलाई प्रज्वलित गर्नुभयो। गुरु शिष्यले मिलेर तत्कालीन समाजको परिस्थिति उपर गम्भीर चिन्तन गर्नुभयो।

साँढे दुई वर्ष सम्म गुरुको सेवा पछि गुरुवाट विदा लिई जान लाग्दा गुरु दक्षिणाको रूपमा दयानन्दले टक्र्याउनु भएको केही ल्वाँगको आदर गरेर पनि गुरु विरजानन्दले **मानव जातिको कल्याणका लागि दयानन्दको जीवन नै माग्नुभयो**। गुरुबाट विदा भएर दयानन्दले एक मात्र सत्यका अतिरिक्त सबै वेद विरुद्ध विचारहरूको खण्डन वाणी र लेखनीद्वारा गर्नुभयो। सर्वत्र सबै षड्यन्त्रहरूलाई विफल पार्दै उहाँ शास्त्रार्थहरूमा विजयी हुनुभयो। पौराणिक पाखण्डका साथै मुस्लिम धर्मान्धता र ईसाइयको आकर्षणका विरुद्ध पनि स्वामीजीले शक्ति लगाउनुभयो। सबै भ्रम जालको निवारणका साथै निर्मल वेद ज्ञानको प्रचार प्रसारका लागि सन् १८७५ मा उहाँले 'आर्यसमाज' को स्थापनाका साथै **'संसारको उपकार गर्नु यस समाजको मुख्य उद्देश्य'** घोषित गर्नुभयो। विश्वबन्धुत्वको आदर्शलाई उहाँले साकार रूप दिने प्रयास गर्नुभयो। उहाँले गर्नु भएका रचनात्मक कार्यहरूमा—स्त्री शिक्षा, छुताछुत निवारण, पर्दा प्रथा निवारण, बालविवाह र वृद्ध विवाहको विरोध, ब्रह्मचर्य पालनको प्रबल समर्थन, स्वदेशी वस्तु, स्वभाषा, स्वतन्त्रता, स्ववाङ्मय आदिको महत्त्व प्रतिपादन, शिक्षा-प्रसार, जन्ममा आधारित वर्ण व्यवस्थाको ठाउँमा कर्ममा आधारित वर्ण व्यवस्थाको समर्थन,

ब्रह्म–मायावादको दार्शनिक दृष्टिकोणको सट्टा कर्मव्यवस्था युक्त त्रित्ववाद (ईश्वर, जीव, प्रकृति) को प्रतिपादन, मूर्तिपूजा, मृतक श्राद्ध आदिको अभिशापको सट्टा निराकार ईश्वरको उपासनाको व्यापक प्रचार–प्रसार र जीवित आमा–बाबु आदिको सेवाको उपदेश आदि विशेष उल्लेखनीय छन्।

आफ्ना मन्तव्यहरूलाई स्पष्ट पार्न महर्षि दयानन्दले सत्यार्थप्रकाश, संस्कारविधि, ऋग्वेदादिभाष्य भूमिका, वेद–भाष्य आदि साहित्य निर्माणका साथै यसमा निरन्तरताका लागि गण्यमान्य व्यक्तिहरूको सहयोगमा 'परोपकारिणी सभा' को स्थापना गर्नुभयो। कुनै मत, पन्थ वा सम्प्रादय चलाउनुको सट्टा उहाँले सम्प्रदायवादलाई निर्मूल पार्ने प्रयासका साथै सर्वसाधारणलाई वेदज्ञानको उपदेश दिनुभयो र 'स्त्री र शूद्रले पढ्नु हुँदैन' भन्ने धारणालाई हटाउनु भयो।

सन् १८८३ मा आफ्नो प्रचार क्रममा जोधपुर पुग्नु भएका दयानन्दले त्यहाँका महाराजालाई धर्मोपदेश दिनुको साथै महाराजाको चरित्रहीनतालाई दुःखी मनले धिक्कार्नुभयो। महाराजाको सम्पर्कमा रहेकी वेश्याले महर्षिलाई आफ्नो बाटोको काँडो सम्झेर षड्यन्त्रपूर्वक दूधमा सीसाको धुलो पिलाउन लगाई। यद्यपि यस अघि पनि महर्षिलाई तेह्र पटक विष दिइएको थियो, तर यस पटकको विष घातक सिद्ध भयो। धेरै उपचार पछि पनि अमूल्य जीवन बच्न सकेन। सन् १८८३ को कार्तिकी अमावस्या (दीपावली) मंगलवारका दिन साँझ ६ बजे मानवमात्रको हित चिन्तक, आदित्य ब्रह्मचारी, वेदका अद्वितीय विद्वान दयानन्दले यस असार संसारलाई त्याग्दै 'ईश्वर तेरो इच्छा पूर्ण होस्' भन्ने भक्ति र श्रद्धाका साथ इच्छा मृत्युको वरण गर्दै निर्वाण प्राप्त गर्नुभयो। एउटा पार्थिव ज्योति निभ्यो तर उसले जलाएको ज्ञान ज्योति सदैव सम्पूर्ण मानवतालाई प्रकाशित गरिरहने छ।

—०—